# भेरी नगरपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, -२०७४

## भेरी नगरपालिका
## कर्णाली प्रदेश
## नेपाल

प्रारम्भिक मसौदा

# भेरी नगरपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, -२०७४

**प्रस्तावनाः**

कृषि क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन तथा पशुपालन, उत्पादन व्यवस्थापन, सहकारी, कृषि सडक, सिंचाइ, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण गर्ने जस्ता जिम्मेवारी स्थानीय तहमा रहेका गाउँपालिका/नगरपालिकामा संविधान र स्थानीय सरकार संचालन ऐन द्वारा व्यवस्था भएको,

संविधान र कानून प्रदत अधिकार र जिम्मेवारीलाई स्थानिय वस्ति, टोलस्तरमा रहेको कृषक, कृषक समूह, संस्था लगायतका सरोकारवालाहरुसँगको समन्वय, सहभागिता र संलग्नतामा हुने कृषि विकास गतिविधिलाई लैङगिक, वातावरणमैत्री एवं समानुपित र समावेशी वनाई मूलप्रवाहिकरण गर्नका साथै वस्ती/टोल, वडा र स्थानियतहमा रहेका कृषक, विषेश गरेर सिमान्तकृत र विपन्नका अवाश्कता र प्राथामिकतालाई सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरि एकिकृत रुपमा सम्बोधन संचालन तथा ब्यब्स्थापनका लागि संस्थागत विकास गर्न सम्बद्ध कृषकलाई ज्ञान सूचना प्रविधि एंव ब्यसयिकरणको माध्यमबाट कृषि क्षेत्रको समग्र उत्पादन तथा उत्पदकत्वलाई बृद्धि गरी आय र रोजगारीमा बृद्धि गर्न नगरपालिका तहमा कार्यत्रत्र्म संचालनका विभिन्न मापदण्ड निधारण गरि त्यसका आधारमा गुणस्तरिय सेवा प्रदान गर्न सम्बद्ध सरोकारवला सबैको क्षमता विकास गरि पहुच बढाउन, अनुगमन, नियमन र नियन्त्रणको प्रणालिगत विकास गर्न गराउन समेत आवश्यक देखिएकोले **स्थानिय सरकार संचालन ऐनको दफा १०२ को उपदफा २** को अधिनमा रही नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद —१

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम, **"भेरी नगरपालिका कृषि विकास कार्यत्रत्र्म संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४"** रहको छ ।

२) भेरी नगरपालिकाको नगरकार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ बुझाउँदछ ।

ख) "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

ग) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ यसले तत-तत कार्यपालिकालाई समेत जनाउने छ ।

घ) “नगरसभा” भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

ङ) “कार्यपालिका” भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

च) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

छ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

ज) "वडा" भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

झ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

ञ) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ ।

ट) “पदाधिकारी” भन्नाले कार्यपालिकाको प्रमुख,उप–प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

ठ) " प्रमुख प्रशासकिय अधिकृत" नगरपालिकाको प्रशसकिय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

ड) “जिल्ला सभा” भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

ढ) “जिल्ला समन्वय समिति” भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

ण) “स्थानीय तह” भन्नाले नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्छ ।

त) "कार्य विधि" भन्नाले “**भेरी नगरपालिका कृषि विकास कार्यत्रत्म संचालन तथा व्यव्थापन कार्यविधि -२०७४”** लाई सम्झनु पर्दछ ।

थ) “प्रदेश” भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको कर्णाली प्रदेश सम्झनु पर्दछ ।

द) “बिषयगत शाखा” भन्नाले नगरपालिकामा कृषि क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवाकेन्द्रलाई जनाउने छ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि नगरपालिकामा स्थापना भएका शाखालाई समेत जनाउने छ ।

ध) “कृषि वा कृषि क्षेत्र” भन्नाले जीवन धान्न (sustain) र विकास/बृद्धि (growth) का लागि आवश्यक खाना (food), रेशा (fiber), जैविक उर्जा (biofuel), जडिवुटि (medicinal plants) र अन्य बस्तु (other products) उत्पादन गर्न प्रयोग गरीने

विरुवा (plants), पशुपन्छि (animals) (माछा समेत) र ढुसी/च्याउजात (fungi) को खेती (cultivation) वा पालन (husbandry) र प्रजनन (breeding) सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउंदछ । यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र/उपकरण, प्राविधिक सेवाटेवा र उत्पादित बस्तुहरुको भण्डारण र बिक्रि बितरणको व्यवस्थापन समेत पर्दछन् ।

न) “कृषक” भन्नाले- कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उद्यमी र ब्यबसायी भन्ने बुझाउदछ।

ऩ) "मन्त्राय" भन्नाले कृषि विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

प) "योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यत्रत्र्मलाई समेतलाई जनाउँछ ।

फ) "सदस्य" भन्नाले,

(१) नगरपालिकाको सम्बन्धमा नगर सभा वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा समितिको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ ।

(२) जिल्ला सभाको सम्बन्धमा जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिकोको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ ।

(३) कृषि समितिको सम्बन्धमा कृषि कार्यत्रत्र्म संचालन र ब्यबस्थापन गर्न स्थानिय तहमा गठन भएको कृषि समिति तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्यलाई जनाउँछ ।

ब) "समिति" भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार नगरपालिकामा गठन भएको कृषि वकास समिति तथा उपसमितिलाई जनाउँछ ।

भ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

म) "संघ" भन्नाले संघिय संरचनाको सबै भन्दा माथिल्लो इकाईको रुपमा रहने संघिय तह सम्झनु पर्छ ।

## परिच्छेद २

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

क) नगरपालिकामा कृषि विकास कार्यक्रमलाई प्रणालीगत रुपमा संचालन र व्यवस्थापन गर्न गराउन र त्यसको रेखदेख, समन्वय र नियमन गर्न गराउन र त्यसको संस्थागत व्यवस्था गर्न स्थानीय तहका सरकारलाई बिषयगत प्राविधिक सहयोग पुर्याउन ।

ख) नगरपालिकामा वस्तिस्तर देखि नै कृषकको आवश्यकता र प्राथमिकता वमोजिम तिनीहरुकै संलगन्ता र सहभागितामा कृषि विकास कार्यक्रमको सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गर्न प्रोत्साहित गर्न ।

ग) नगरपालिकामा विभिन्न सरकारी, गैरसरकारी , विकास साझेदार, वित्तीय संस्था, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने कृषि विकास कार्यक्रमलाई दोहोरो नपर्ने गरि एकिकृतरुपमा संचालन र व्यवस्थापन गर्न र अन्य विभिन्न कार्यक्रमबीच परिपूरकता कायम गर्न गराउन स्थानिय सरकारलाई सहयोग पुर्याउन ।

घ) नगरपालिकामा कृषि सम्बन्धि नयाँ प्रविधि अवलम्बन गरी गराइ उत्पादन र उत्पादकत्व बृद्धि गराइ व्यवसायिक खेति प्रणाली अवलम्वन गर्न गराउन स्थानिय सरकारलाई सहयोग पुर्याउन।

ङ) नगरपालिका तहमा समावेशी, लैङ्गिक एंव वातावरण मैत्री र जलवायु परिवर्तन अनुकुलन व्यवस्थापन गर्न सघाउ पुर्याउन ।

च) नगरपालिका तहमा  सबै सरोकारवाला कृषक, समुह, संस्था, अगुवा कृषक, कृषि प्राविधिक कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न गराउन क्षमता विकासमा सहयोग पुर्याउन ।

छ) नगरपालिका तहमा कृषि सम्बन्धि विभिन्न मापदण्ड, नर्मस स्थापना गरी गुणस्तर कायम गर्न गराउन र नियमन कार्यमा सघाउ पुर्याउन

**४. उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने निति र रणनिति :**

क) कृषि प्रणालीको संभाव्यता अनुसार नगरपालिका तहमा प्रमुख उत्पादन हुने कृषि खेति प्रणालीको पहिचान गरी नगरपनलिकाका वस्ति अथवा पकेटमा सोही बाली वा खेतिलाई प्रोत्साहन गर्न उन्नत ज्ञान, सिप, नयाँ प्रविधि, उन्नत बिउबिजन, कृषि सामग्री (जैविक,

रसायनिक) , सिंचाइ सुविधा, संस्थागत कर्जा, कृषि औजारको प्रयोगलाई प्रवर्धन गर्न गराउन सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट समेत प्राविधिक सहयोग परिचालन गरिने ।

ख) नगरपालिका तहमा कृषि विकास कार्यक्रमलाई एकद्धारप्रणाली अवलम्बन गरि संचालन गर्न गराउन र सरोकारवाला सबैसंग समन्वय गरि कार्यक्रम संचालन र व्यवस्थापन गर्नका साथै नगरपालिकामा कृषि विकास समिति यस कार्यविधिको दफा ७ को उप-दफा क बमोजिम गठन गरि त्यस समितिको काम, कर्तव्य र जिम्मेवारी स्पष्ट गरिने ।

ग) नगरपालिका तहमा सहभागितात्मक योजना तर्जुमा प्रकृयाको संस्थागत सुदृढिकरण, कृषि विकास कार्यक्रमको, अन्य बिषय क्षेत्रअन्तर्गत संचालन हुने योजना कार्यक्रम संग अन्तरसम्बन्ध स्थापनाबाट परिपूरकता कायम गरि एकिकृत योजना प्रकृया अवलम्बन गर्न सरोकारवालाबीच पारस्परिक साझेदारीको विकास गरिने रणनीति अवलम्वन गरिने ।

घ) कृषि कार्यक्रमलाई वडा र वस्ति तहमा निक्षेपित वा प्रत्यायोजित गरिनुका साथै नगरपालिका तहमा संघीय वा प्रदेशस्तरका कार्यक्रमहरुसंग पनि समन्वय गरी संचालन गरिने ।

ङ) नगरपालिका स्तरमा कृषि क्षेत्रमा देखिएको कृषि जनशत्तिको कमीलाई सम्बोधन गर्न विभिन्न उत्प्रेरणात्मक कार्यक्रम संचालन गरी कृषि पेशामा श्रमिक आकर्षित गरिने ।

च) नगरपालिका तहमा खेतीकोलागी उपयुत्त जग्गालाई बाझो राखी राख्ने कार्यलाई दुरुत्साहित गर्न उपयुत्त जग्गाकर प्रणाली लागु गरी जग्गाको प्रयोगलाई बढावा दिइने ।

छ) जग्गा विहिन तथा अतिकम खेती योग्य भएका किसानलाई लामो अवधिकोलागि जग्गाका पट्टा उपलब्ध गराउन नगरपालिकाले नीति र कानुन बनाई बाँझो जमिन वा प्रयोग नभई खाली रहेको जग्गाको प्रयोगलाई बढावा दिन प्रोत्साहित गरिने ।

ज) राष्ट्रिय, प्रादशिक अनुसन्धानबाट देखिएको नतिजालाई कृषकसम्म पुर्याउन विशेष सीप, ज्ञान र प्रविधि हस्तान्तरणमा स्थानीय कृषक अगुवा, कृषि विद्धयालय लगायतकालागि शैक्षिक जनशत्तिलाई समेत सहजिकरणका लागि परिचालन गरिने ।

झ) नगरपालिका तहले सम्बद्ध पकेट अनुसारको कार्यक्रम संचालन गर्न गराउन विशेष पहल गर्ने नीति लिइने र त्यसकालागि आवश्यक प्रवर्द्धन सामाग्रीको विकास गरिने छ ।

## परिच्छेद ३

### ५. विषयगत कार्यक्षेत्र :

यस कार्यविधिमा देहायका विषयगत समावेश हुने छन् :

क) नगरपालिकामा कृषि विकास कार्यत्रम संचालन र व्यवस्थापन गर्न संस्थागत संयन्त्र, त्यसको नगरपालिकाको साथै अन्य सरोकारवाला सबै सँगको अन्तर सम्बन्ध स्पष्ट हुने ।

ख) नगरपालिकामा सहभागितामूलक कृषि कार्यत्रमको एकिकृत कार्यत्रम र बजेट तर्जुमाका चरण र प्रकृया प्रस्तुत गरिनुका साथै अन्य क्षेत्र सँगको अन्तर सम्बन्ध समेत स्पष्ट हुने ।

ग) नगरपालिकामा अख्तियारी र रकम प्रवाह प्रकृयाको विधि र प्रकृया स्पष्ट हुने ।

घ) कृषि कार्यत्रम संचालनका विभिन्न मापदण्ड, नर्मसका साथै गुणस्तर कायम गर्न नियमन तथा अनुगमन र मूल्याङ्कन प्रणाली विशेष गरेर परिमाणममा आधारित मापन प्रणाली स्थापित गरिने उपाय समेटिने ।

ङ) कृषि कार्यत्रमलाई समाबेशी, लैङगिक र वातावरण मैत्री, सिमान्तकृत र भौगोलिक वञ्चिति, जलवायु परिवर्तन अनूकुलन र यान्त्रिकरण गरिने विषय समाबेश गरिने ।

च) नगरपालिकामा कृषि व्यवसायिकरण गरी कृषा व्यवसाय प्रवर्द्धनका लागि जारी भएको नमूना विधेकका विषय उपयुक्त स्थानमा र तहमा समावेश गरी प्रवर्द्धन गरिने ।

छ) कृषिलाई सन्निकटताको सिद्धान्त बमोजिम संचालन र व्यवस्थापन गर्न संघ, प्रदेश तथा स्थानिय नगरपालिकाले कृषक समूह तथा वडास्तर सम्म अधिकारको निक्षेपण, प्रत्यायोजनको पद्धति स्पष्ट गरिने ।

### ६. संविधानद्धारा स्थानिय तहका सरकारलाई कृषि क्षेत्र सम्बन्धि प्रदत्त जिम्मेवारी

#### क) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थय सम्बन्धी :

- स्थानिय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
- कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिंचाई निर्माण र सुधार, तालिम, प्रविधि प्रसार, प्रविधिक टेवा, कृषि

सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यत्रञ्म संचालन, अनुगमन र नियमन

- कृषि तथा पशपंछी जन्य प्राकृतिक प्रकोप तथा माहामारी रोग नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन
- कृषि वातावरण, जैविक विविधता संरक्षण र प्रबर्द्धन
- उच्चमूल्ययुक्त कृषि जन्य बस्तुको प्रवर्धन तथा विकास र बजारीकरण
- पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन
- स्थानिय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारा गुणस्तर नियमन
- पशु बधशाला र शीत भण्डारणको व्यबस्थापन र नियमन
- पशुपन्छी सम्बन्धि बीमा र कर्जा सहजीकरण
- पशुपालन र पशु स्वास्थ समबन्धि अन्य कार्य

**ख) कृषि प्रसार सम्बन्धी :**

- स्थानिय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
- जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- कृषकहरुको क्षमता अभिबृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिकरण
- कृषि वीउ विजन, नश्ल, मलखाद्य र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र स्थानिय सम्बद्ध संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन
- स्थानिय स्तरमा कृषि सम्बन्धि प्रविधि संरक्षण र हस्तान्तरण
- कृषि सम्बन्धि सूचना प्रचार प्रसार
- स्थानिय स्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन
- प्राराङिगक खेति तथा मलको प्रवर्द्धन र प्रचार, प्रसार
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धि अन्य कार्य

**ग) स्थानिय वडासमितिको कृषि विकास सम्बन्धि कार्य जिम्मेवारी :**

भेरी नगरपालिकाले स्थानिय कानून द्धारा देहाय बमोजिमका अधिकार प्रत्यायोजित वा निक्षेपित गर्न सक्ने छन् ।

- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ति र टोलस्तरमाबाट कृषि सम्बन्धि योजना तर्जुमा प्रकृया अवलम्बन गरी बस्ति वा टोलस्तरीय योजना माँग संकलन तथा प्राथमिकिकरण तथा छनौट गर्ने ।
- वडा भित्र संचालन हुने योजनाहरुको लागि उपभेक्ता (कृषि समूह, संस्था) समितिको गठन तथा सोको अनुगमन गर्ने ।
- वडाको पार्श्वविचित्र (Profile) तयारी तथा अध्यावधिक गर्ने ।
- कृषि तथा फलफूल नर्सरीको स्थापन, समन्वय र प्रवर्द्धन, वडास्तरीय कृषि अगुवाको तालिमको अभिमूखिकरण गर्ने ।
- कृषि वीउ, बिजन, मल तथा औषधीको माग संकलन गर्ने ।
- कृषिमा लाग्ने रोगहरुको विवरण संकलन गर्ने।
- पशुपंछि विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने ।
- वडा भित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।
- प्राराङ्गारिक कृषि प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।
- खाद्यान्न, माछा, मासु, फलफूल, तरकारी, पेयपदार्थ तथा उपभोक्ता सामाग्रीको गुणस्तर र मूल्यसूचि अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।
- हाट बजारको व्यवस्थापन गर्ने गराउने ।

## परिच्छेद ४

### ७) कृषि कार्यत्रम संचालन र व्यवस्थापनका लागि संस्थागत संरचना :

**क) नगरपालिकाले आफ्नो क्षेत्रको आवश्यकता र प्राथामकता हेरी कार्य संचालन गराउन निम्न कार्यहरु गर्ने :**

- नगरपालिकाले कृषि विषय हेर्नको लागि कृषि विकास उप-शाखा स्थापना गर्ने ।
- नगरपालिकाले निर्धारण गरेको कार्य जिम्मेवारीको दयरा तथा संघिय, प्रदेश तहबाट प्राप्त जिम्मेबारीलाई निर्वाह हुनसक्ने गरी संरचना स्वीकृत गरी कार्य संचालन गर्ने ।
- संगठन संरचना तयार गर्दा आफूले नगरी नहुने कार्यका लागि मात्र न्यूनतम स्थायी दर्बन्दि श्रृजना गर्ने र अन्य कार्य करारबाट वा निजिक्षेत्र वा अन्तराष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्था वा उत्कृष्ट अगुवा कृषक वा कृषि विश्वविद्यालयबाट प्राविधिक लिइ प्राविधिक सहयोग जुटाउने रणनिती तय गर्ने ।
- नगरपालिकाको कृषि उत्पादन, बजारीकरण र व्यवसायिकरणको स्थानिय नीति र रणनीति तय गर्ने ।
- नगरपालिका क्षेत्र भित्र कुनै वडा ग्रामिण प्रकृतिको भए उत्पादनको विशिष्टताका आधारमा त्यस बिषयको बिज्ञको ज्ञान, सिप भएका जनशक्तिको चयन गर्न सकिने भौगोलिक क्षेत्र वा खेती योग्य जमिन र जनसंख्या हेरी उक्त वडा वा दुई वडाको संयुक्त शाखाको रुपमा कार्य गर्ने गरी उक्त पालिका अन्तर्गत शाखा स्थापना गरी कृषि व्यवसायिक खेतिलाई प्रश्रय पुग्ने गरी संभाव्यता बमोजिम उत्पादन विशेष जोड दिईनेछ ।
- नगर र छिमेकी गाँउपालिका सँग सम्बन्ध विकासमा विषेश जोड दिन स्तर अनुसार (Grading) मूल्य निर्धारण, गुणस्तर, निर्धारण र नियमनमा विषेश ध्यान दिने ।
- स्थानिय हात बजारको व्यवस्था गरी सो को नियमन गर्ने ।
- नगर क्षेत्रमा कृषि मल, वीउ, कृषि समाग्री र उपजको मागको आकलन गरी आपूर्तिको व्यवस्था समय मै मिलाउन प्रदेश र संघिय सरकार सँग समन्वय गर्ने र नगरपालिका भित्र सहज बेचबिखनका लागि एग्रोभेट वा सहकारीहरुको पनि क्षमता विकास गर्ने

- कृषि व्यवबसाय सम्बद्ध सबै व्यक्ति, फर्म, कम्पनि, संघ, संस्थाको लागत तयार गरी दर्ता गरी मात्र व्यवसाय संचालन गर्न दिने र त्यसको मापदण्ड बमोजिम काम गरे न गरेको अनुगमन, नियमन र नियन्त्रण गर्ने ।
- नगरपालिका क्षेत्रमा उक्त कार्यका अलावा स्थानिय तहका लागि ऐन द्धारा निर्धारण गरेका काम गर्न गराउन प्रमुखले कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको अधिनमा रही कुनै सदस्यको संयोजकत्वमा **नगर स्तरीय कृषि विकास समिति** गठन गर्ने ।

## नगर स्तरीय कृषि विकास समितिको गठन

**क) नगरपालिका स्तरीय :**

(१) नगरपालिकाको प्रमुख वा प्रमुखले तोकेको नगरपालिकाको सदस्य संयोजक

(२) नगरपालिका प्रमुखले तोकेको नगरपालिकाको महिला सदस्य सदस्य

(३) नगरपालिका प्रमुखले तोकेको नगरपालिकाको अल्पसंख्यक सदस्य सदस्य

(४) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको योजना शाखा प्रमुख सदस्य

(५) नगरस्तरीय उद्योग बाणिज्य संघका प्रतिनिधि सदस्य

(६) नगरपालिका सिंचाई शाखा प्रमुख सदस्य

(७) नगरपालिका भित्र कार्य गर्ने कृषि सम्बद्ध गैर सरकारी संस्थाका प्रतिनिधि सदस्य

(८) नगरपालिका भित्रका विभिन्न कृषि तथा पशु व्यवसायीको प्रतिनिधि सदस्य

(९) नगरपालिका स्थित बैंक तथा वितिय संस्थाका प्रतिनिधि सदस्य

(१०) नगरपालिका वितिय सहकारी तथा कृषि संस्थाका प्रतिनिधि सदस्य

(११) नगरपालिका भित्रका उत्कृष्ट कृषक समूह मध्येबाट सबैको प्रतिनिधित्व हुने गरी उत्कृष्ट महिला कृषक सदस्य

(१२) नगरपालिका भित्रका उत्कृष्ट कृषक समूह मध्येबाट प्रतिनिधित्व हुने गरी उत्कृष्ट पुरुष कृषक सदस्य

(१३) नगरपालिका वडा स्तर वा सेवा केन्द्र स्तरका कर्मचारी कृषि र पशुसेवा गरी दुई जना प्रतिनिधि सदस्य

(१४) पशु सेवा शाखाका शाखा प्रमुख सदस्य

(१५) कृषि विकास उप-शाखाका शाखा प्रमुख सदस्य-सचिव

**नोटः** यस नगरपालिकामा गुणस्तर नियन्त्रण शाखा, बजार व्यवस्थापन शाखाका प्रमुख वा प्रतिनिधि तथा कृषि सँग सम्बन्धित बिशेषज्ञ वा अनुभवि कृषक, कृषिक्षेत्रमा उत्कृष्ट योगदान पुर्याउने व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**१) वडास्तरको कृषि विकास समितिः**

नगरपालिकाको वडा तहमा कृषि र पशुपंछि सेवा विकासका लागि देहाय बमोजिमका समिति गठन गरिनेछ ।

(१) वडा अध्यक्ष वा निजले तोकेको कुनै अन्य सदस्य संयोजक

(२) वडाको महिला सदस्य सदस्य

(३) वडाका सचिव सदस्य

(४) वडास्तरमा कृषि सम्बद्ध गैर सरकारी संस्थाका प्रतिनिधि सदस्य

(५) वडाको कृषक समूह, संस्थाको भेलाबाट छनौट भएका महिला र पुरुष प्रतिनिधि सदस्य

(६) वडामा कार्यरत उत्कृष्ट अगुवा कृषक मध्ये अगुवा भेलाबाट छनौट भएका प्रतिनिधि सदस्य

(७) वडा स्थित एग्रोभेट प्रतिनिधि सदस्य

(८) वडा स्तिथ पशु सेवाकेन्द्रका प्रमुख सदस्य

(९) वडा स्थित कृषि सेवाकेन्द्रका प्रमुख सदस्य — सचिव

नोट: वडा भित्रका उत्कृष्ट कृषक, विशेषज्ञ वा कृषि समबन्धि सिप भएका व्यक्तिलाई आवश्कता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

- उपरोक्त समितिहरुमा एक महिना भित्र सबै पद पुर्ति भई कार्य सुचारु गर्नु पर्नेछ ।
- समितिहरुले आफ्नो आन्तरीक कार्यविधि आफै बनाई कार्य सुचारु गर्नेछ र आवश्यकता अनुसार बैठक बस्नेछ तर कम्तिमा पनि बर्षको तिन पटक समितिको बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ ।
- उपरोक्त समितिहरुमा राजिनामा पेश गरी वा अन्य कुनै किसिमले रिक्त हुन आएमा जसरी शुरुमा नियुक्त भएको थियो सोही प्रकृया पुर्याई पद पूर्ति गर्ने व्यवस्था गरिनेछ ।
- यस समितिको बैठक भत्ता तथा अन्य ब्यबस्था नगरपालिकाको नियम बमोजिम हुनेछ ।

**२) नगरपालिकामा कृषि विकास समितिको काम, कर्तव्य, अधिकार, जिम्वारी र उत्तरदायित्व :**

**क) संस्थागत सुदृढिकरणको कार्य:**

(१) **समूह गठन र परिचालन :** प्रतेक वडा कार्यालय अन्तर्रगत का बस्तिमा आवस्यकता अनुसारका व्यवसायिक कृषि समूह, संस्था गठन गर्न प्रोत्साहन गनेछ र समूह विगतमा गठन भएका उत्कृष्ट कृषि समुहहरुको लगत अध्यावधिक गरी राख्ने । समुह गठन गर्दा महिला, पुरुष वा मिश्रित जुन उपयुक्त हुन्छ सोही अनुसार समूह गतिशिलता र व्यहारिकता हेरी गठन गर्नु पर्दछ । सके सम्म उत्पादन बिशेषका आधारमा समूह गठन गर्न उत्प्रेररत गरिनु पर्ने र एउटा समूहको व्यक्ति सकेसम्म अर्को समूहको सदस्यता नलिने। समूह-समूह मिलेर सहकारी संस्थाको गठन भएको निकै प्रभावकारी देखिएकोले यस्ता समूहहरुलाई सहकारी संस्थामा आबद्ध हुन समेत उत्प्रेरित गर्ने। समूह वा संस्थालाई वडा कायायलयमा दर्ता समेत गरी राख्ने र अनुदान वा कृषि सामाग्रीको माग संकलन र वितरण पनि यस्ता समूह वा संस्था मार्फत गर्द सकिनेछ । कृषि समितिले वडागत र कार्य प्रकृतिगत रुपमा यस्ता समूह वा संस्थाको अभिलेख स्पष्ट रुपमा राखु पर्दछ । यसरी गठन भएका समूहको विधान लगायत बैठक बस्ने, माइन्यूट राख्ने, बचत पररचालन गने भए त्यसको विधि र प्रकृयामा समेत समितिले आवश्क सहयोग समेत पुरयाउने। यस्ता कृषक समूहलाई समूहको बिशेषतानुसारको तालिम, अवलोकन भ्रमण, प्रोत्साहि पुरुस्कार जस्ता काययक्रम संचालन गरी तिनको क्षमता विकासका साथै कार्यमा उत्प्रेरित समेत गराइ

राख्नु पर्दछ । सरकारी वा गैरसरकारी तहबाट ती समूहलाई उपलब्ध गराइने श्रोत साधन , औजार, उपकरण, मल बीउ बिजन, बाख्रा, कुखुरा आदि बारे समेत पूर्व जानकारी दिई समयमै माग संकलन गरिनु पर्दछ । यदि स्थानीय तहले स्थानीय स्तरमा नै त्यस्ता उन्नत वीउ बिजन उत्पादन स्थानीय तहमा नै गने कायय‍क्रम रहेछ र ती समूहहरुले बीउ बिजन बिक्री गर्न चाहेमा स्थानीय खरीद नीति समेत तय गरी खरिद कार्य समेत गरी कृषकलाई प्रोत्साहित गर्नु पर्दछ ।

यस सम्बन्धि बृस्तृत विवरण अनुसूची १ मा दिईएको छ ।

**(२) स्थानिय कृषि श्रोत व्यक्तिको रुपमा अनुभवी अगुवा कृषकको छनौट र संलग्नता :**

- स्थानीय स्तरमा खेम्तपाति, तरकारी खेति, पशुपालन, फलफूल खेति, माछापालन, कुखुरापालन आदी कार्यमा व्यवहारिक ज्ञान आर्जन गरेका कृषकहरुको ज्ञान, अनुभव र सीपलाई अन्त्य कृषकहरुमा पनि कृषक बाट कृषकमा व्यवहारिक रुपमा आदान प्रदान गर्न त्यस्ता उत्कृष्ट अनुभवी कृषकलाई समितिले छनौट गरी तालिम समेत प्रदान गर्ने ।
- यसरी तालिम प्राप्त उत्कृष्ट अनुभवी कृषकलाई कृषि प्रसार कार्यक्रममा संलग्न गराउने नीति लिइने छ ।
- उत्कृष्ट अनुभवी कृषकलाई CTEVT बाट थप सीप आर्जनको अवसर समेत दिइ मान्यता दिइने छ ।
- नगरपालिका क्षेत्रमा बिभिन्न कृषक समूहमा आवद्धता जनाउने संस्थागत व्यवस्था गरिनेछ ।
- किसान देखि किसान प्रसार गर्न स्थानीय भाषा तथा परिचित व्यक्तिबाट सीप, ज्ञान प्राप्त गर्न सहज, कम खर्चिलो र समयमा उपलब्धहुनका साथै दीगो समेत हुने देखिएकोले किसान देखि किसान कार्यक्रमलाई संचालन, व्यवस्थापन र प्रोत्साहित गर्ने नीति लिइने छ ।

**३) स्थानीय एग्रोभेटको छनौट र संलग्नता:**

- स्थानीय तहमा निजी क्षेत्रको संलग्नता बढाउन स्थानीय तहमा एग्रोभेटहरु स्थापना गर्नका लागि प्रोत्साहन गरिनेछ र तिनिहरुलाई तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय नगरपालिकामा दर्ता गराई वीउ, विजन, औषधि, सा-साना कृषि उपकरण सहज उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**४) स्थानीय कृषि सहकारी संस्थाको परिचालन:**

- स्थानीय तहमा उत्पादनमूलक, बजारमुलक, सेवामूलक र निकासी मूलक, बचत तथा कर्जा सहकारीमा बर्गिकरण गरी तिनलाई स्थानीय तहमा इजाजत दिने र तदनुसारका सेवा स्थानीय तहमा कृषकहरुलाई दिने गरी सहजीकरण गर्ने गराउने ।
- यसका आतिरिक्त अनुसूची १ बमोजिम परिपक्व कृषक समूहलाई कृषि सहकारीमा रुपान्तरण गर्ने कार्य पनि गरिनेछ ।

**५) कृषिको थोक तथा खुद्रा व्यापार प्रबर्द्धन गराउने:**

- एक वा एक भन्दा बढी स्थानीय तह मिलेर कृषिको थोक र खुद्रा व्यापार प्रवर्द्धन गर्ने नीति लिइने छ र यसमा प्रदेश तथा संघीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जुटाइने छ ।
- कृषकलाई उचित मूल्य प्रदान गरिनुका साथै उपभोक्तालाई पनि विचौलियाको जथाभावी मूल्यबाट जोगाउने मूल्य नीति तर्जुमा गरी लागु गरिने छ ।
- नगरपालिका क्षेत्रमा खाद्यान्न तथा पशु हाट बजार, चिस्यान केन्द्र, राष्ट्रिय र अन्तरराष्ट्रिय निकासीको ब्यवस्था समेत गर्न राष्ट्रिय बजार संग आबद्ध गराउन स्थानीय सरकारलाई सहयोग पुरयाइने छ ।
- सरकारी क्षेत्रबाट मात्र यी कार्य संभव नहुने हुंदा सरकारी निजी र वित्तीय क्षेत्रको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रादेशिक सरकारले समेत सहजिकरणका लागी गाउँपालिका/नगरपालिका मार्फत समन्वय स्थापित गरिने छ ।

**६) कृषि विद्यालय र कृषि अनुसन्धान केन्त्रहरुको प्राविधिक सहयोग जुटाउने:**

- नगरपालिकामा CTEVT बाट सम्बन्धन प्राप्त कृषि विद्यालयहरु संग दीर्घकालीन सम्बन्ध स्थापना गरिने छ ।
- विद्यालयका विद्यार्थीहरुलाई कृषक समूह संग आबद्ध गराई प्रविधि स्थानान्तरणमा प्राविधिक सहयोग पुरयाउनकालागि संस्थागतरुपमा ती विद्ध्यालयसंग साझेदारी सम्झौता गर्न मसौदा तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गरी ती विद्ध्यालयको औपचारिक सम्बन्ध स्थापित गराउने कार्यमा सहयोग पुरयाइने छ ।
- यस कार्यमा आवस्यक देखिए स्थानीय शिक्षा शाखालाई समेत आवद्ध गराई कार्य अगाडि बढाउन सकिने छ ।

- त्यस्तै राष्ट्रिय एवं प्रादेशिक अनुसन्धान केन्द्रहरु संग पनि सहकार्यकोलागी सहकार्यको ढाँचा तयार गरी स्वीकृत  उन्नत प्रविधि र विउ विजनहरु कृषकको थलोमा प्रदर्शन गराउन समेत सहजिकरण गरिने छ ।

**७) कृषि प्रसारका अन्य कार्यक्रमहरु संचालन गर्ने:**

- दिगो कृषि विकासका लागि गर्नु पर्ने कार्य र अपनाउनु पर्ने प्रक्रियाहरु तथा नयाँ वा आधुनिक प्रबिधिको प्रचार प्रसार गर्नका लागि अवलम्बन गर्नु पर्ने कृषि प्रसारका तरिकाहरु बारे अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

**८) स्थानीय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन कार्य गर्ने:**

क) स्थानीय कृषि समितिले स्थानीय योजना तर्जुमा चरणको समयतालिकाका अधिनमा रही सहभगितामूलक योजना तर्जुमा गर्न नगरपालिकालाई समग्र कृषि क्षेत्रको बजेट पूर्वानुमान, मार्गदर्शन र आगामी आर्थिक बर्षमा लिइने नीति निश्चित समयमा पेश गरिने छ र योजना प्रकृयालाई  सघाउ पुरयाउनु का साथै अन्य बिषयगत क्षेत्र संग समन्वय गरी स्थानीय तहको योजना प्रकृयामा मूलप्रवाहिकरण गरिने छ ।

ख) कृषि विकास योजना संग सम्बद्ध नीतिगत निर्णय लिन नगरपालिकालाई निम्न किसिमको प्राविधिक सहयोग पुरयाइने छः

१. कृषि बिषयगत क्षेत्रको मध्यकालिन (आवधिक) योजना तर्जुमा गरी स्थानीय आवधिक योजनाको अभिन्न अंगको रुपमा मुलप्रवाहिकरण गर्ने र लगानी सुरक्षित गराउने कार्य ।

२. कृषि बिषयगत क्षेत्रको मध्यकालिन संरचना (MTEF) तयार गरि कम्तिमा पनि प्राथमिकता प्राप्त योजना र कार्यक्रमका लागि लगानी सुरक्षित गराउने कार्य ।

३. आवधिक योजनाको लक्ष, उद्देश्य र नीति तथा रणनीति बमोजिम बार्षिक योजना तर्जुमा गर्ने गराउने कार्य ।

४. कृषि क्षेत्रमा संलग्न सबै सरोकारवालाको समन्वय बैठकको आयोजन गरी सरकारी, निजी, सहकारी तथा गैरसरकारी एवं विकाससाझेदारहरुको संलग्नतामा आगामी आ.ब. मा गरिने लगानीकालागि  बजेट पुर्वानुमानको प्रक्षेपण तयार गरी स्थानीय कार्यपालिकामा समयमै प्रस्तुत गर्ने कार्य ।

५. परिच्छेद-५ मा दिएको योजना चक्रमा सहभागिता जनाउने कार्य ।

ग) कृषि कार्यक्रम विशेष गरेर कृषकको खेत बारीमा संचालन हुने हुनाले योजना तर्जुमा गर्दा नै कृषकलाई के कस्तो प्राविधिक, आर्थिक वा वस्तुगत सहयोग

चाहिने हो त्यस्को स्पष्ट पहिचान गरी तदनुसार कार्य गर्न गराउन नगरपालिका लाई आवस्यक निम्न सहयोग योजनाबद्ध ढंगबाट पुर्याइनेछ;

**९) वडामा संचालन हुने कृषि कार्यक्रमलाई स्थानीय कृषक समूह, सहकारी, अगुवा वा अन्य सरोकारवालाहरुसंग अन्तरकृया गरी देहाय बमोजिमको बर्गिकरणका आधारमा वडा समितिमा प्रस्तुत गर्नेः**

क) स्थानीय कृषक समुह, संस्था, सहकारी संस्था, उपभोक्ता समूह, गैरसरकारी संस्था वा कृषकको आफ्नै श्रोतबाट संचालन हुने कार्यक्रम;

ख) सम्बन्धित नगरपालिकाको लागत सहभागितामा संचालन हुने कार्यक्रम;

ग) नगरपालिकाको आफ्नै श्रोतले संचालन हुने कार्यक्रम;

घ) प्रदेश वा संघीय सरकारको अनुदानबाट संचालन हुने कार्यक्रम;

ङ) प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहको समन्वयमा संचालन हुने कार्यक्रम;

च) विकास साझेदारसंगको सहकार्यमा संचालन हुने कार्यक्रम;

छ) निजी क्षेत्र संगको साझेदारीमा संचालन हुने कार्यक्रम; र

ज) अन्य कुनै किसिमबाट संचालन हुने कार्यक्रम ।

ख) **कृषि क्षेत्र विकास विस्तार र प्रवर्द्धनात्मक कार्य:**

**i. अनुभवी अगुवा किसान प्रवर्द्धन कार्यत्रत्म:**

- उद्यमी किसान तथा अनुभवि अगुवा किसानका लागि क्षमता विकासका कार्यक्रम संचालन गर्ने र तिनको सीप, ज्ञान, अनुभवलाई पहुँच नपुगेका कृषक सम्म पुरयाउने
- यसरी स्थानीय सीप, ज्ञान र अनुभवलाई कृषक समक्ष पुरयाउन सम्बन्धमा समितिले नर्मस, मापदण्ड तथा ज्याला दररेट तय गरी सम्बन्धित नगरपालिकाबाट पारित गराई लागु गर्ने गराउने

**ii. उत्तम अभ्यासको संचार, सिकाई प्रबर्द्धन**

- कृषि कार्यको उत्तम अभ्यासको आदान प्रदान, प्रचार, प्रसार (मेला, प्रदर्शनी, अवलोकन भ्रमणको ) आयोजना गर्ने
- एक गाउँ, टोल, बस्ति एक उत्पादनको कार्यक्रमलाई प्राथामिक्ता प्रदान गर्ने
- व्यवसायिक कृषि र प्रविधि बारेको र यसको तुलनात्मक लाभको व्यापक प्रचार प्रसार गर्ने

- कृषि सूचना केन्त्र, इ-कृषि प्रविधिको विकास बारे नगरपालिकामा राय सल्लाह दिने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने

iii. **कृषि मल :**

- माटो सुधार, प्रारांगारिक पदार्थ व्यबस्थापन, प्रारांगारिक एंव कम्पोष्ट मल, कृषि चुनको प्रयोग तथा भकारो सुधार र दिगो कृषि विकास गतिविधि संचालन गर्ने

iv. **तरकारी खेती प्रवर्द्धन र विकास:**

- व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रबर्द्धन गर्नको लागि हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेतिलाई प्रोत्साहन गर्ने, तरकारी खेतिमा नविनतम प्रविधिको जानकारी गराउने, कृषकलाई सीप, प्रविधि , ज्ञान, अनुभिलाई हस्तान्तरण गर्ने ।
- तरकारी खेतीलाई स्वस्थरुपमा उत्पादन गर्नको लागि आ.ई.पिएम तथा कृषक पाठशाला पद्धति अवलम्बन गर्न प्रोत्साहन गर्ने ।
- बाली उपचार शिविर कार्यत्रम्म संचालन गर्ने ।
- स्थानीय संभाव्यतानुसार मौसमी तथा बेमौसमी तरकारी खेतिको लागि तरकारीको वीउ, प्रांगारिक बिषादी लगातका तरकारी खेतीलाई आवश्यक पर्ने कृषि समाग्रीहरु कृषकहरुलाई ५० देखि १०० प्रतिशत सम्म अनुदानमा उपलब्ध गराउने ।

v. **फलफूल खेतिको प्रबर्द्धन र विकासः**

- नगरपालिकालाई आवश्यक पर्ने फलफूलको नर्सरी स्थापना गर्ने साथै उक्त नर्सरीलाई श्रोत केन्द्रको रुपमा विकास गर्ने
- स्थानीय संभाव्यताका आधारमा सुन्तला, कागित, मौसम, , दाते ओखर, स्याउ, हलुवावेद, किवि, नासपाति, अलैचि, जैतुन आदि जस्ता फलफूल खेतिलाई व्यवसियक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुरयाउने कार्यत्रम्म संचालन गर्ने ।
- फलफूलको विरुवाहरुमा कृषकहरुलाई प्रोतशाहन स्वरुप ५० देखि १०० प्रतिशत सम्म अनुदान उलब्ध गराउने ।

vi. **खाद्यान्न तथा नगदे बाली प्रवर्द्धन कार्यक्रम**

- सघन धान खेति प्रविधि (SRI), उन्नत गहुँ, मकै, धान कोदो, फाफर आदिको प्रवर्द्धन र विकास गर्ने किसिमका कार्यत्रम्म संचालन गर्ने ।
- नगदे बाली प्रवर्द्धन (कफि, अदुवा, बेसार, लसुन, प्याज, केशर, अलैची, केमोमाइल, मेन्था, सजीवन आदि) विकास तथा व्यवसायिकरण गर्ने कार्यत्रम्म संचालन गर्ने ।
- मौरी, कन्ये सिताके गोब्रे च्याउको व्यवसायिककरणको लागि आवश्यक कार्यत्रम्म संचालन गर्ने ।

- उन्नत जातका वीउ बिजन उत्पादन तथा प्रवर्द्धन, नर्सरी स्थापना र सुदृकढकरण (खाद्यान्न, तेलहन, दलहन, तरकारी, भुइघास, डालेघास, फलफूल आदि) गर्ने गराउने ।

vii. **कृषि समाग्री तथा कृषि यान्त्रिकरणको प्रवर्द्धन:**

- कृषि सामाग्रीहरु (टेक्टर, सामाग्री ढुवानीको लागि पिक अप जिप मिनि टिलर, धान, मकै तथा गहुँ चुट्ने थ्रेसर, पानि तान्ने सोलार पम्प, पापा पम्प, मोटर, जेनेरेटर, प्लाटिक पाईप, स्प्रेयर, आरी, सिकेचर लगायतका सामाग्री) को प्रदर्शन र सामुहिकरुपमा प्रयोगको लागि प्रोत्साहित गर्ने ।सथै उक्त सामाग्रीहरुलाई कृषकहरुको मागको तथा आवश्कताको आधारमा ५० देखि १०० सम्म अनुदानमा उपलब्ध गराउने ।

viii. **पशुपालन तथा व्यसायिकरण :**

- उन्नत जातका तथा व्यवसायिकरणका हिसाबले बढि तुलनात्मक लाभ दिने सक्ने बाख्रा, बंगुर, कुखुरा, हाँस, गाई, भैंसी, माछा, भेडा आदि पालनमा कृषकलाई प्रोत्साहन गर्ने ।
- सहुलियत कृषि ऋण का साथै बीमाको व्यस्था गर्ने ।
- दूध तथा दुग्ध पर्दाथ उत्पादन तथा प्रशोधनको लागि उपयुक्त वातावरण बनाउने ।
- गोठ तथा गोठेमल सुधार, पशुमूत्र संकलन तथा प्रयोग, जैविक विषादी प्रबर्द्धन सम्बन्धि कार्य गर्ने ।
- पशु पोषण, खर्क, चरनक्षेत्रको विकास व्यवस्थापन, डालेघाँस, भुइघाँस, अम्ररिसो आदीको उत्पादन तथा प्रशोधन गर्ने
- पशु स्वास्थ सेवा व्यवस्थापन,आधुनिक प्रविधि युक्त पशु आहारा व्यवस्थापन, नश्ल सुधार, पशुशिविर संचालन गर्ने ।

ix. **साना सिंचाई :**

- साना सिंचाई प्रविधि हस्तान्त्तरण तथा प्रबर्द्धन (बर्षाको पानी संकलन तथा प्रयोग, कुलो, पैनि,MUS, पोखरी, स्प्रिङ्कलर,थोपा सिंचाई, प्लाष्टिक पोखरी आदी) सम्बन्धि कार्य गर्ने ।

x. **खाद्य संरक्षण तथा भण्डारण :**

- नगरपालिकाको खाद्यान्न उत्पादन तथा आवश्कताको साथै खाद्यान्न अल्पता परिवारको तथ्यांक संकलन गर्ने र उपलब्धता तथा आपूर्तिको स्थिति अद्ध्वाधिक गर्ने ।
- स्थानीय तहमा खाद्ध भण्डारणको सीप हस्तान्त्तरण,अभिमुखिकरण गर्ने, स्थानीय उत्पादन खरिदको समर्थन मूल्य लगायत खरिद कार्यको व्यवस्थापन गर्ने, न्यून खाद्ध्यान्न समयमै आपूर्तिको व्यवस्था गर्ने गराउने ।
- नगरपालिका स्त्तरीय खाद्य सुरक्षा समितको गठन गरि प्रत्येक चैमासिकमा बैठक बसी खाद्य सुरक्षाको अव्था बिशलेषण गरि तथ्याङ्क अद्य्वाधिक गर्ने ।

**ग) कृषि सम्बन्धि नीति, ऐन, योजना, गुरुयोजना तर्जुमा, मापदण्ड निर्धारण र नियमन सम्बन्धि कार्य गर्ने**

- नगरपालिकाको सानदर्भिकता हेरी संघीय, प्रादेशिक नीति र कानून संग नबाझिने गरी स्थानीय नीति, कानून तर्जुमा मा सम्बन्धित नगरपालिकालाई प्राविधिक सहयोग पुर्याउने ।

**घ) क्षमता विकास सम्बन्धि कार्य गर्ने गराउने:**

- स्थानीय कृषक समूह, महिला कृषक, साना तथा सिमान्त किसान, जग्गा विहिन अदीलाई उनीहरको चाहाना र प्रथामिकता अनुसराकाका कार्यत्रत्र्म तर्जुमा गरी संचालनको व्यवस्था मिलाउने।
- स्थानीय कृषि रोजगारीलाई मर्यादित बनाउन ज्यालाको उचित व्यवस्था गर्ने ।
- कृषि जन्य उद्योग तथा व्यवसायिक कृषि फर्म स्थापन गर्न सहयोगि कार्यत्रत्र्म संचालन गर्ने ।
- व्यवसाय स्थापन गर्नको लागि आवश्यक पूर्वाधारको विकासमा सहयोग तथा समाग्रीहरुमा अनुदानको व्यवस्था गर्ने ।

**ङ) स्थानीय तहमा विभिन्न मापदणड र गुणस्तर कायम राख्न नियमनको ब्यवस्था (मासु जाँच, औषधी वा विषादीको प्रयोग, नापतौल, हाटबजार र मूल्य नियमन, ज्याला मजुरी आदी )**

**च) आन्तरिक कार्यविधि तथा विनियमावली पारित गराउने :**

क) कृषि समितिको निम्न ब्यवस्था समेटिएको आन्तरिक कार्यविधि पारित गरी कार्य सुब्यवस्थित गरिने छ

उक्त आन्तरिक कार्य विधिमाः

- अध्यक्ष, सदस्य तथा सदस्य सचिवको र वडा कृषि विकास समितिको कार्य जम्मेवारीको व्यवस्था गरिने;
- बैठक संचालन र व्यवस्थापनको व्यवस्था मिलाइने;
- गाउँपालिका/नगरपालिका क्षेत्रमा कृषिकार्यक्रम संचालन र व्यवस्थापनकालगि आवस्यक नीतिगत र कानूनगत निर्णय लिइने; र
- स्थानीय कृषि अगुवा परिचालनको ब्यवस्था मिलाउने ।

ख) कृषि प्राविधिक जनशक्तिको प्रक्षेपण गर्नेः

१. कृषि सम्बद्ध सबै कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कृषि क्षेत्रलाई चाहिने न्युनतम जनशक्ति र त्यसको किसिम( स्थान विशेष अनुसार) तह आदि निर्धारण गर्ने र स्थानीय गाउँपालिका तथा नगरपालिकामा राय सहित पेश गरिने ।

२. दरबन्दि स्वीकृत गराउने र स्थानीय निकाय संग समन्वय गरी मागको आकृति फारम पठाउन लगाइने ।
३. सिफारिश भइ आएका कर्मचारीलाई कार्य जिम्मेवारी तोकी आवस्यकतानुसार उपशाखा वा वडामा काममा लगाइने ।
४. कर्मचारी हरुसंग कार्यसम्पादन करार गर्ने र प्रोत्साही परुस्कार र दण्डको व्यवस्था कार्य जिम्मेवारी निर्वाह गरे अनुसार गर्ने गराउने व्यवस्था मिलाइने ।
५. गैर सरकारि वा निजी क्षेत्रको जनशक्तिको पनि दोहोरो नपर्ने गरी उचित परिचालनको नीति लिइने ।

**छ) संविधानको अनुसुचीको व्यवस्था बमोजिम ऐन द्वारा तोककएको कार्य जिम्मेवारीको सम्पादन, संयोजन, निक्षेपण तथा समन्वय:**

- ऐनद्वारा कार्यविधिमा उल्लेख भएअनुसार स्थानीय सहकारी संस्था, बजार ब्यवस्थापन, कृषितथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी तथा कृषि प्रसार सम्बन्धि मूख्य शिर्षक र अन्तर्गत नगर कार्यपालिकाले पारित गरेको ऐन र नियमावली वा कानूनको अधीनमा रही विविध कृयाकलाप संचालन र व्यवस्थापनको कार्य गरिने छ ।
- समय समयमा प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहले गर्न सक्ने थप कार्य जिम्मेवारी प्रत्यायोजित वा निक्षेपित भएर आउने कार्य जिम्मेवारीलाई आफ्नो क्षेत्रमा संचालन तथा व्यवस्थापन गरिने छ ।
- उक्त सबै प्राप्त कार्य जिम्मेवारीलाई स्थानीयतहमा कार्यरत सबै सरोकारवालाको सहकार्य वा समन्वयमा कार्य सम्पादन गरिने ब्यवस्था मिलाइने छ ।
- स्थानीय तहमा कार्य संचालन नियमावली तयार गर्दा नगर कार्यपालिकाको कृषि विकास समितिले वडातहमा संचालन गरिने कृयाकलापलाई स्पष्ट परिभाषित गरिने छ ।
- वडास्तरबाट गरिने कृषि कार्यको जिम्मेवारीको सूची तयार गरी पारित गर्न गराउन सम्बन्धित नगर कार्यपालिकामा सिफारिशसहित पेशगरिने छ ।
- सुम्पेको कार्य जिम्मेवारी निर्वाह गर्न गराउन वडा तहमा समितिले तिनको क्षमता विकासका साथै प्रविधिक सहयोग जुटाई सहजिकरण गर्ने कार्यक्रम योजना बद्ध ढंगबाट प्रस्तुत गरिने छ ।

**ज) अन्तर सम्बन्ध र समन्वय :**

कृषि समितिले स्थानीय नगरपालिकामा कृषि कार्यलाई संचालन र व्यवस्थापन गर्दा घनिष्टतम सहयोग, समन्वय र सम्बन्ध कार्यलाई समन्वयित गर्न गराउन  र सम्बद्ध कार्यालय, संस्था वा व्यक्ति, मुख्यतया नगरपालिका प्रति उत्तरदायी भई देहाय बमोजिमको कार्य गर्न गराउने ब्यवस्था गरिने छः

**क)** स्थानीय कृषक परिवार, समूह, संस्था संग तिनको आवस्यकता पहिचान, प्राथमिकता निर्धारण र श्रोत साधनमा साझेदारीका साथै सहभगितामा कार्यक्रम संचालन गर्ने गराइने ।

**ख)**  स्थानीय कृषक परिवार विशेष गरेर विपन्न र सिमान्तकृत परिवारलाई केन्द्रमा राखि उक्त कार्य गर्न गराउन वडास्तरका  साथै  वस्ति/टोलस्तरमा कार्यरत गैरसरकारी संस्थाको सहयोग र समन्वयमा उक्त कार्य गर्ने गराइने  ।

**ग)** नगरपालिकामा कृषि क्षेत्र संग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने शाखा साथै बिषयगत समिति र उपसमिति संग अन्तरसम्बन्धित विषयमा औपचारिक तथा अनौपचारिक सम्बन्ध स्थापना गर्ने गराइने र एक अर्काका कार्यक्रममा परिपूरकता कायम गर्न गराउन सदैव सकृय भूमिका निर्वाह गरिने  ।

**घ)** स्थानीयतहमा कार्यरत कृषि सेवा प्रदायकको सूचि तयार गरि नियमित रुपमा अद्ध्यावधिक गराई राख्ने, यसरी सूची तयार गर्दा ती संस्थाले स्थानीय तहको कुन कस्ता प्रकृतिका कृयाकलाप वा कार्यक्रम बस्ति/टोलमा परिवारमा केन्द्रित गरेका छ्न त्यसको विबरण तयार गर्ने र दोहोरो नपर्ने गरी कार्यक्रम समन्वयित रुपमा संचालन गर्ने  व्यवस्था मिलाइने  ।

**ङ)** संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोग गरिने उपाय पहिचान गरिने र सरोकारवालासंग छलफल गरी आपसी समन्वयमा प्राविधिक जनशक्तिको परिचालनको रणनीति तय गरिने  ।

**च)** वडा वा वस्ति/टोलमा स्थानीय तह वा बाह्य श्रोत साधनबाट कृषि कार्यक्रम संचालन गरिने रहेछ भने ती संस्था संग औपचारिक सम्झौता गरी  कार्यक्रम संचालन र व्यवस्थापन गरिने ।

**छ)** स्थानीय कार्यपालिका तथा सभाका प्रशासनिक तथा निर्वाचित पदाधिकारी संग पनि औपचारिक र अनौपचारिक सम्बन्ध स्थापित गर्न गराउन  समस्त कृषि क्षेत्रको कार्यक्रम बारे अभिमुखिकरणका कार्यक्रम संचालन गरिने  ।

**ज)** अभिमुखीकरण कार्यक्रम संचालनका लागि कृषि क्षेत्रका संभाव्यता र तिनको उचित उपयोगको स्पष्ट मार्ग चित्र प्रस्तुत गरिने  र संभाव्य मानव, आर्थिक र भौतिक श्रोत

साधनको आवस्यकता वा परिचालन गर्ने बारे जनप्रतिनिधिलाई निरन्तर जानकारी गराइ राखिने ।

**झ)** संचालित अभिमुखिकरण कार्यक्रमामा खाद्ध्य सुरक्षाको स्थिति, बचत हुने वा न्यून हुने , सम्बन्धित नगरपालिकाबाट बाहिर निकासी योग्य कृषि पदार्थको बारेमा पनि जाकारीमूलक सूचना समेटिएको ब्रोचर बनाई जानकारि गराइ राख्नुका साथै खाद्धयान्न वा अन्यबाली न्यून हुने वस्ति समेत पहिचान गरिने र त्यस वस्तिको संभाव्यताको समेत लेखाजोखा तयार गरी उत्पादनका संभाव्य क्षेत्र पहिल्याई समुचित कार्यक्रम संचालनमा ल्याइने ।

**ञ)** अभिमुखीकरण कार्यक्रमबाट स्थानीय तहमा कृषि कार्यक्रम संचालनका लागि श्रोत परिचालन वा आन्तरिक वा बाह्य लगानी आकर्षित गराउने रणनीति लिइने ।

**ट)** सम्बन्धित कार्यपालिका तथा सरोकारवाला गैरसरकारी संस्था, निजी क्षेत्रका पदाधिकारीलाई कृषि कार्यक्रम संचालनमा र स्थानीय लगानी बढाउने कार्यमा संलग्न गराउन निरन्तर सम्पर्क, संचार र समन्वय गर्ने गराउने ब्यवस्था गरिने ।

**ठ)** नगरपालिकाका सम्बन्धित अधिकृत वा शाखा प्रमुखले कृषि कार्यक्रम संचाल गर्दा देखा परेका समस्या वा चुनौतिको समाधानमा आवस्यक सहयोग उपलब्ध गराइने ।

**ड)** कृषि कार्यक्रमलाई स्थानीय योजना चक्रमा आबद्ध गराउन योजना तर्जुमाका प्रतेक चरणमा(बजेट पुर्वानुमानप्रक्षेपण, मार्गदर्शन तयारी, वडास्तरमा गरिने कार्य, स्थानीय योजना तर्जुमा समिति, अनुदान आदि सम्बन्धी ) नीतिगत तथा कार्यगत समन्वय स्थापित गरी तोकिएको समयमा कार्य गर्ने गराउने ब्यवस्था मिलाइने ।

**ढ)** संचालित कार्यक्रमको एकल वा संयुक्त अनुगमनको ब्यवस्था मिलाउन सूचक तयार र स्वीकृति दिई अनुगमन कार्य गर्ने गराउने र प्राप्त अनुगमन प्रतिवेदनमा समीक्षा गर्ने व्यवस्था मिलाइने ।

**ण)** कार्यक्रम संचालन गर्दा उप-समिति वा कार्यदल गठन गर्नु पर्ने भए आन्तरिक कार्यविधीमा समावेश गरी स्वीकृतिका लागि पेश गरिने ।

**त)** जिल्ला भित्रका स्थानीय तहका अन्य गाउँपालिका वा नगरपालिका वा गाउँपालिका/नगरपालिकामा कार्यरत प्रदेश तथा संघीय सरकारसंगका कार्यालयका साथै गैरसरकारी संस्थाहरुसंगको समन्वयकारी भूमिका जिल्ला सभाले खेल्ने हुँदा जिल्ला समन्वय समिति संग निकटतम सम्पर्कमा रहि कार्य गर्न सम्बन्धित नगरपालिका मार्फत समन्वयको ब्यवस्था मिलाउने

**थ)** नगरपालिकाको कार्यक्रमको अनुगमन र बार्षिक समीक्षा गर्दा जिल्ला समन्वय समिति संग समबन्धित कार्यपालिका मार्फत समन्वय गरी गर्नु पर्ने ।

**झ) प्रदेश सरकारसंगको समन्वयः**

क) प्रदेशतहको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय संग निकटतम सम्पर्क र समन्वय गर्दा सम्बन्धित कार्यपालिका वा जिल्ला समन्वय समिति मार्फत गर्ने ।

ख) नगरपालिकामा संघीय तथा प्रादेशिक सरकारबाट प्रतिपादित नीति, नर्मस वा मापदण्ड लागु गर्न प्राविधिक सहयोगको आवस्यकता देखिएमा स्थानीय कृषि शाखा मार्फत प्रादेशिक मंत्रालय वा बिभागमा संग सम्न्वय गरी सहयोग माग गर्ने ।

ग) प्रदेश सरकारसंगको कार्यक्रम र बजेटमा सहकार्य तथा साझेदारीकायम गरी कार्य संचालन गर्न आवस्यक समझदारी कायम गर्नु पर्ने भएमा त्यस्तो समझदारी वा सम्झौताको मसौदाको ढाँचा स्वीकृत गरी कृषि शाखालाई कार्यान्वयनको जिम्मेवारी दिने र त्यस्तो कार्य संचालन गर्दा देखिएका बाधा अडकाउ फुकाउन नियमित समीक्षा गर्ने गराउने ।

**ञ) समस्या समाधान : यस नगरपालिकाको कृषि विकास उप-शाखा मार्फत कृषि कार्यत्रम संचालन गर्दा कुनै समस्या परेमा यस नगर स्तरीय कृषि विकास समितिले आवश्यक नितिगत निर्णय गरि कार्यत्रममा सहजता ल्याउन सक्नेछ ।**

## परिच्छेद ५

**८) योजना र बजेट तर्जुमा प्रकृया :**

क) बिषयगत क्षेत्रको आवस्यक तथ्यांक, सूचना संकलन, बिश्लेषण गर्न सम्बन्धित नगरपालिका संग समन्वय गरी कार्य गर्ने र समष्टि कृषि क्षेत्रको वस्तुगत बिवरण तयार गरी राख्ने ।

ख) कृषि क्षेत्रको मध्यकालीन वा दीर्घकालीन रणनीतिगत विकास योजना तर्जुमा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजना लिएका नीति रणनीतिलाई आवस्यकतानुसार सम्बन्धित नगरपालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने ।

ग) उक्त स्वीकृत बिषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष र उद्देश्य प्राप्तिकालागि बार्षिक योजना तर्जुमाको सिलसिलामा बजेट पूर्वानुमान र मार्गदर्शन मा समावेश गर्न सम्बन्धित नगरपालिका संग समन्वय गर्ने ।

घ) नगरपालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि समितिको बैठक बाट वडास्तर र नगरपालिका स्तरीय बजेट पूर्वानुमानलाई बाँडफाँट गर्न कृषि विषयक सबै

सरोकारवालाको वैठक आयोजन गर्ने र शाखागत वा वडागत बाँडफाँट गर्ने र योजना तर्जुमा मा सहभागिता जनाउन कार्यक्रम समेत स्वीकृत गर्ने ।

**१. योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयः**

क) बिषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान बिशेष को संभाव्यता हेरी कृषि व्यवसायीकरणका माध्यमबाट; आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने, सकिने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न, स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरू प्राथमिकता लाई संबोधन गरी जनसहभागिता जुट्ने, महबालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउनु का साथै दिगो विकास योजना लाई प्राथमिकता दिई तर्जुमा गर्न सघाउ पुरयाउने ।

ख) बार्षिक योजना तयार गर्दा बिषय क्षेत्रगत, आवधिक योजनाका लक्ष, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेत लाई ध्यानमा राखी बार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने ।

**१०) योजना तर्जुमा गर्दा निम्न प्रकृया अवलम्बन गरी देहायको चरणमा निम्नानुसार गरिने छ :**

क) नगरपालिकास्तरीय बार्षिक योजना तर्जुमा गर्दा बजेट निर्धारण समितिबाट कृषि क्षेत्रको बजेट पुर्वानुमानको सीमा र मार्गदर्शन तयारीमा माग भएको आवस्यक प्राविधिक सहयोग पुरयाउने

ख) नगरपालिकाबाट आगामी बर्षको श्रोतको अनुमान, बजेट सीमा तथा मार्गदर्शन प्राप्त भए पछि कृषि क्षेत्र संग सम्बद्ध सबै सरोकारवालाहरु (बिषयगत शाखा, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, विषय विज्ञ आदि)को बैठक वोलाइने छ,

ग) कृषि क्षेत्र/ उपक्षेत्रगत (पशु स्वास्थ, मत्स्यपालन, फलफूल खेति, तरकारी आदि )को नगरपालिका स्तरिय र वडास्तरीय पूर्वानुमानको प्राप्त बर्गिकरणलाई लगानीका क्षेत्र तोकी विषय उप-क्षेत्रगत तथा वडास्तरीय कृषि कार्यक्रमको बजेट पूर्वानुमान र मार्गदर्शन तयार गरिनेछ,

घ) प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र अबलम्बन गरिने नीति रणनीति र बिषय र भौगौलिक क्षेत्रगत लगानीको बाँडफाँट गरी समबन्धित शाखा, वडा वा इकाईमा मार्गदर्शन सहित बजेट पूर्वानुमान पठाइने र सम्बन्धित जिम्मेवार व्यक्ति समेत तोकी योजना तर्जुमा प्रकृयाको थालनी समेत गरिनेछ,

ङ) सम्बन्धित नगरपालिका तथा विषयगत निकाय(कृषि क्षेत्र)बाट वडामा प्राप्त बजेट पूर्वानुमान र मार्ग दर्शनका अधीनमा रही कार्यक्रम र बजेट तर्जुमा गर्न वडास्तरमा रहेका सरकारी, गैरसरकारी, सहकारी संस्था तथा निजी क्षेत्रका सरोकारवाला सबैको

बैठक आयोजना गरी प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शनको जानकारि गराइने र वडास्तरमा तथ्याङ्क र सूचना तथा बस्तुगत बिबरणको आधारमा स्थिति र संभाव्यताको विश्लेषण गरी वडास्तरिय लगानीको प्राथमिकता निर्धारण गरिने छ ।

च) बिषयगत निकाय र गैरसरकारी संस्थाको कार्यक्रम बीचमा पनि परिपूरकता कायम गरी एकिकृत योजना तर्जुमा गर्न गराइने छ

छ) सबै सरोकारवालालाई करिब एक महिनाको समय दिई वस्तिस्तरमा तर्जुमा को तालिका समेत तय गरिने छ

ज) यसरी तय गरिएको समयतालिका सबै वस्ति वा कृषक समूहलाई समेत जानकारी गराई वस्ति वा समूहस्तरमा योजना तर्जुमाको थालनी निर्दिष्ट समयमा गरिने। यसै बीचमा यदि प्रदेशतहबाट थप कृषि बिषयक बजेट पूर्वानुमान वा संशोधित अनुमान नगरपालिकाबाट प्राप्त भएमा सो समेत समावेश गरी योजना तर्जुमा प्रकृयामा समावेश गराइने,

झ) वस्ति/टोलस्तरमा देहायको प्रकृया अबलम्बन गरी योजना तर्जुमा गरिनेः

- वस्तिस्तरमा रहेका कृषक समूह, समिति तथा संस्था संग अन्तरकृया गरी तिनका माग र प्राथमिकताहरुलाई सम्बोधन गर्न र तिनले गर्न सक्ने लागत सहभागितालाई समेत संकलन गरी तिनीहरुकै सहभागितामा सकेसम्म तोकिएका मापदण्डका आधारमा प्राथमिकता निर्धारण गरिने,
- यसरि सबै वस्ति/टोलस्तरबाट माग र प्राथमिकता संकलन भए पश्चात सम्बन्धित वडा सचिवले बिषयगत र अन्य सरोकारवाला हरुसंग छलफल गरी बिषय क्षेत्रगत रुपमा कार्यक्रम र बजेट छुट्याउने र बजेट पूर्वानुमानको रकम संग मेलखाने गरि एकिकृत गरी वडा अध्यक्ष समक्ष घटबढको विबरण पेश गरिने
- यदि कुनै योजना वा कार्यक्रम अत्यन्त जरुरि छ र बजेट पूर्वानुमान भित्र रहन नसकेमा नगरस्तरीय योजना मा समावेश गर्ने गरी सुची समेत प्रस्तुत गरिने

ञ) वडासमितिले सबै सरोकारवालाको बैठक बोलाई यसरी वस्ति/टोलस्तरबाट संकलित भएको सूचीमा बिषयगत प्राथमिकता निर्धारण अनुसार रुजु गरि वडा समितिबाट पारित गर्ने र यसरी पारित गर्दा वडास्तरीय तथा नगरपालिका स्तरीय योजनामा बर्गिकरण गरी सिफारिश सहित सम्बन्धित कार्यपालिकामा पेश गरिने

ट) यदि कुनै योजना दुइ वा दुई भन्दा वढि वडामा संचालन गरिनु पर्ने रहेछ भने ती वडाबीचको समन्वय बैठक राखी अन्तरवडास्तिय योजनाको प्राथमिकता समेत सम्बन्धित कार्यपालिकामा सिफारिश सहित पेश गरिने

ठ) नगर कार्यपालिकाका सचिवले वडावाट प्राप्त सबै सुचीलाई नगरपालिका स्तरीय बिषयगत शाखाबाट समेत सूची संकलन गर्ने र त्यस सुचीलाइ एकिकृत गरी बिषय

क्षेत्रगत  प्राथमिकताक्रम अनुसार एकिकृत सुची तयार गर्नुका साथै उक्त सुचीलाई वडास्तरीय र नगरपालिकास्तरीयमा बर्गिकरण गरी सम्बन्धित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न अध्यक्ष वा प्रमुख समक्ष प्रस्तुत गरिने र उक्त समितिमा पठाइने

ड) बजेट तथा कार्यक्रम तर्जुमा समितिले यसरी प्राप्त योजना र कार्यक्रमलाई सम्बन्धित बिषय क्षेत्रगतगत समिति मा छलफलका लागि पठाउने

ढ)  कृषि सम्बन्धी बिषयगत समितिले यसरी  वडा, विषयगत शाखा तथा कृषि सम्बन्धि गैर सरकारी संस्था, निजीक्षेत्र र सहकारी संस्थाबाट प्राप्त सुचीलाई एकिकृत गरी आफुलाई प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शन अनुसार भए नभएको हेर्नुका साथै प्रदेश र संघीय योजना तथा कार्यक्रम संग परिपूरकता कायम समेत गराउने,

ण) कृषि संग सम्बन्धित अन्य बिषयगत निकाय संग समेत पारस्परिकता हुने गरी  कृषि सम्बन्धि बार्षिक तथा बहुबर्षिय कार्यक्रम र बजेट प्राथमिकता क्रम निर्धारण गरी गाउँ कार्यपालिका वा नगर कार्यपालिकास्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा राय सिफारिश सहित  पठाउने

त) सम्बन्धित नगरपालिकाका लागि बजेट वक्तव्यमा पारिनु पर्ने कृषि सम्बन्धी नीति समावेश गरी कृषिमा हुने समष्टि लगानी र उपलब्धीको प्रक्षेपण सहितको नीति तयार गरी सम्बन्धित सभामा पेश गरिने बजेट बक्तव्यको मसौदा समेत तयार गरी योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने

थ) योजना तर्जुमा समितिले कृषि समिति बाट प्राप्त गरेको एकिकृत कार्यक्रम, बजेट र नीति सम्बन्धित नगर पालिकामा पठाउन अगाडी निम्न कार्य गर्ने छः

- सम्बन्धित क्षेत्रमा संचालन हुने योजना र कार्यक्रममा दोहोरोपन आउन न दिने गरी आपसी तादाम्यता र परिपूरकता कायम गर्ने व्यवस्था मिलाउने
- बजेट तथा कार्यक्रमको बिषयक्षेत्रगत सम्बन्धित समितिमा पुनः छलफल गराउनु पर्ने भए गराई अन्तिम प्रस्ताव तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गर्न आदेश दिने
- आवधिक योजना तयार भएको रहेछ भने उक्त आवधिक योजनाको दूरदृष्टि, लक्ष, उद्देश्य, नीति र कार्यक्रमका प्राथमिकता अनुकूल भए नभएको हेरी उक्त आबधिक योजना संग तालमेल हुने गरी प्रस्तुत गर्ने
- संघीय सरकारमा नेपाल सरकारले  बजेट प्रस्तुत गर्ने समय जेष्ट १५ गते तोकिएको हुनाले बजेट बक्तव्यको संघीय नीति समेत स्थानीय तहमा असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने
- त्यस्तै प्रदेश सरकारले जेष्ट मसान्त भित्र बजेट र कार्यक्रम प्रस्तुत गर्ने हुँदा स्थानीय तहलाई असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने

- आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने
- यदि वहु बर्षिय योजना रहेछ भने त्यसको लगानीको प्रक्षेपण र उपलब्धि लक्ष समेत निर्धारण गरी प्रस्तुत गर्ने
- बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र घाटा बजेट प्रस्तुत गर्न बन्देज रहेको हुँदा कुनै हालतमा पनि घाटा बजेट र कार्यक्रमा सिफारिश गर्न सकिने छैन
- सम्बन्धित गाउँ सभा वा नगर सभामा प्राप्त बजेट तथा कार्यक्रममा छलफल गरी अषाढ २५ गते भित्र कार्यपलिका संग केहि थप बुझ्नु पर्ने भएमा सम्बन्धित कार्यपालिकामा निर्देशन सहित प्रस्ताव सम्बन्धित कार्यपालिकामा फिर्ता पठाउन सकिने
- सम्बन्धित कार्यपालिकाले यसरी प्राप्त फिर्ता हुन आएको बजेट तथा कार्यक्रममा केहि हेरफेर गर्न उचित देखिएमा वा नदेखिएमा पुष्ट्याँई सहित पुनः सम्बन्धित सभामा राय सहित पेश गर्ने
- सम्बन्धित सभाले अषाढ मसान्त भित्र बजेट र कार्यक्रम पारित गरि सक्नु पर्ने
- बजेट र कार्यक्रम सार्वजनिकिकरणः सभाबाट स्वीकृत भए पछि बिभिन्न संचार माध्यमबाट सर्वसाधारणको जानकारीकालागि बजेट, कार्यक्रम र लिइएका नीति सम्बन्धित कार्यपालिकाले प्रकाशित गर्नु पर्ने छ र आ-आफ्नो वेवसाइटमा समेत राख्नु पर्ने छ

**११) योजना, कार्यक्रम कार्यान्वयनः**

१. कार्यक्रम र बजेट को कार्यान्वयन र जिम्मेवारी तालिका तयार गर्नेः

कार्यक्रम स्वीकृत भए पछि सरोकारवाला सबै विषयगत निकायले आ-आफ्नो शाखागत र वडागत रुपमा योजना, कार्यक्रमलाई कृयाकलापमा बिभक्त गरी निश्चित कार्यतालिकामा राख्ने र यसरि कार्यतालिका तयार गर्दा जिम्मेवारी तालिका समेत तयार गर्ने

२. यसरी तयार गर्दा कार्यक्रम कार्यान्वयन को तरिका मध्ये लिइने निम्न विकल्प जस्तै उपभोक्ता समिति, ठेक्का पट्टा, गैरसरकारी संस्था, सहकारी वा सेवा करार, अमानत मध्ये उपयुक्त विकल्पको समेत सार्वजनिक खरिद ऐनको परिधि भित्र रही छनौट गरी प्रस्तुत समेत गर्नु पर्ने ब्यवस्था मिलाइने छ

३. विषयगत समितिमा कार्यान्वयन तालिका पेश गर्ने

क) यसरि शाखागत वा वडागत कार्यक्रम र बजेट तयार भए पछि कृषि विषयगत समितिमा सम्बद्ध सबै सरोकारवाला गैर सरकारी संस्था, सहकारी संस्था र निजिक्षेत्रबाट समेत कार्यान्वयन तालिका प्रस्तुत गराउने

ख) यसमा आपसी समन्वय र परिपूरकता कायम गर्न अन्य सम्बन्धित बिषयगत क्षेत्रका सरोकारवाला सबैलाई पनि आमन्त्रण गर्नु पर्ने देखिएमा सो समेत गर्ने

ग) उक्त कार्यान्वयन तालिकामा के, कति, कहाँ, कसरी, कस्ले, कसबाट, कस्कालागि, लाग्ने लागत, उपलब्धि परिमाण र जिम्मेवार व्यक्ति र निकाय स्पष्ट देखाउनु पर्ने गरी तालिका प्रस्तुत गर्न लगाउने

४. कृषि समितिले पारित गरे पछि सम्बद्ध अन्य बिषयक्षेत्रगत समितिले अन्तरक्षेत्रगत परिपूरकता हेरी पारित गर्ने र सम्बन्धित पालिकाको बजेट तथा कार्यक्रम समितिमा पठाउने। बजेट तथा कार्यक्रम समितिले मार्गदर्शन अनुसार भए नभएको हेरी सम्बन्धितकार्यपालिकामा पेश गर्ने

५. सम्बन्धित प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम र बजेटको अख्तियारी श्रावण ७ गते भित्र दिनु पर्ने

६. प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त भएको मितिले १५दिन भित्र तयार भएको कार्यान्वयन कार्यतालिका र बजेट र कार्यक्रमको अख्तियारी कार्यान्वयन मार्गदर्शन सहित सम्बन्धित शाखा तथा वडा समितिमा पठाउने

७. कार्यान्वयन मार्ग दर्शनमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको ढाँचा समेत राखि प्रतिवेदन पठाउने वा कार्यान्वयनको तरिका, समयमा कार्य सम्पादनमा उत्कृष्टता हासिल गरेमा पुरुस्कार र नगरेमा दण्डको व्यवस्थालाई कार्य सम्पादनको अभिन्न अंगको रुपमा राख्ने ब्यवस्था मिलाइने

८. सम्बन्धित नगरपालिकाबाट अख्तियारी र मार्गदर्शन प्राप्त भए पछि कृषि संग सम्बन्धित कार्यान्वयन गर्ने जिम्मेवार निकायमा कार्यान्वयन तालिका सहित कार्यक्रम र बजेट खर्च गर्ने जिम्मेवार निकाय तोकी पठाउने र यदि स्थानीय तहको प्राथमिकता प्राप्त योजना वा कार्यक्रम भए सो समेत खुलाउने

९. कृषि समितिले वा शाखा प्रमुखले आफ्ना बिषयक्षेत्र अन्तर्गतका प्राथमिकता प्राप्त योजनाको सूची समेत सम्बन्धीत जिम्मेवार निकाय र व्यक्तिलाई उपलब्ध गराउनु पर्ने

१०. सम्बन्धित कार्यपालिकाका प्रमुख, अध्यक्ष ले प्रमुख प्रशासकीय अधिकृत संग र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख वा वडा समिति संग कार्य सम्पादन सूचक सहितको कार्य सम्पादन करार गर्ने

११. यदि कृषिक्षेत्रको बिषयमा कार्य सम्पादन करार भएको भए तत-तत जिम्मेवार ब्यक्तिसंग सचिव वा सम्बन्धित महाशाखा वा शाखा प्रमुख ले कार्यसम्पादन करार समेत गर्नु पर्ने

१२. सम्बन्धित कार्यपालिकामा स्वतन्त्र कार्यसम्पादन मुल्ल्यांकन समिति समेत गठन गरी सम्बन्धित महाशाखा वा शाखाको कार्य सम्पादन मुल्ल्यांकन ६-६ महिनामा गर्ने ब्यवस्था मिलाउने

१३. अख्तियारि प्राप्त प्रतेक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ-दुइ महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित कार्यपालिकामा पठाउने

१४. यसरी पठाएको प्रतिवेदन सम्बन्धित बिषयगत समितिको सचिवलाई समेत उपलब्ध गराउने

१५. प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा प्रमुख वा अध्यक्ष ले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने

१६. चौमासिक समीक्षाः बिषयगत समिति र बिषय क्षेत्रगत समिति(कृषि)मा समेत प्रगति प्रतिवेदनमा कार्यपालिकामा समीक्षा हुनु भन्दा अगाडि नै समीक्षा गरि बिषय क्षेत्रगत समितिका संयोजकले एकमुष्ट प्रगतिको समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्ने र देखापरेका प्रमुख मुद्दा वा समस्या प्रस्तुत गरी समधानको उपाय समेतको रणनीति वैठकबाट तय गर्ने

१७. चौमासिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश वा संघीय सरकारको सम्बन्धित मंत्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने

१८. बार्षिक प्रतिवेदन पठाउनेः सम्बन्धित कार्यपालिकाले बार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक बर्ष भुक्तान भएको एक महिना भित्र सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मंत्रालयमा पठाउनु पर्ने

१९. प्रगतिस्थितिको आधारमा कर्मचारीको कार्यसम्पादन मुल्ल्यांकन गर्ने प्रणाली स्थापित गर्ने यसकालागि प्रतेक कर्मचारीको कार्य जिम्मेवारी विबरण प्राप्त गरी तदनुसार कर्मचारीको कार्यसम्पादन मुल्ल्यांकन गर्ने ।

**१२) अनुगमन मुल्यांकन , समीक्षा र प्रतिवेदनः**

क) योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमनको ब्यवस्थाकालागि अनुगमन कार्यको कार्यतालिका गाउँपालिका/नगरपालिकाको अनुगमन समितिबाट स्वीकृत गराई राख्ने र बजेट समेत छुट्ट्याउने

ख) कृषि समितिले आवस्यकतानुसार को टोली गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउने छ

ग) अनुगमनका क्रममा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गरिनु पर्ने छ

- श्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समयतालिका अनुसार भए नभएको?
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको?
- कार्यान्वयन क्षमता के कस्तो छ?
- के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्छ

घ) सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गरिने

ङ) नगरपालिकामा अनुगमन र सुपरिवेक्षणकालगि उपप्रमुखको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्र संग समितिले समन्वय गरी अनुगमनको ब्यवस्था गरिने छ

च) स्थानीय कृषि विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनगमन गर्न कृषि विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्बद्ध महत्वपूर्ण शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, कृषक समूहको प्रतिनिधि, सहकारी संस्थाको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव कृषि शाखा प्रमुखले तोकेको अधिकृत कर्मचारी हुने ब्यवस्था मिलाइने छ ।

छ) उक्त उपसमितिले आफ्नो कार्यविधि आफै बनाउने छ र संयुक्त वा एकल अनुगमनको ब्यवस्था समेत गर्ने छ यस उप समितिले उपलब्धि(output) र परिणाम(outcome) को मापन सूचक तयार गरी स्वीकृत गराई राख्ने छ । त्यस्तै कृषि सम्बद्ध अन्य सरोकारवाला गैर सरकारी संस्था, निजी र सहकारी क्षेत्र एवं विकास साझेदार का बीचमा पनि अनुगमन प्रणालीका सूचक निर्धारण गरी कृषि समितिको अनुगमन प्रणालीमा समाहित गर्न सकिने सूचक निर्धारण गरी लागु गरिने छ। अनावश्यक सूचनाहरु माग नगर्ने र आवस्यक सूचना नछुटाउने नीति समेत अवलम्बन गरिने छ

ज) यसरी सूचक तयार गर्दा स्थानीय गाउँपालिका वा नगरपालिका लाई कृषि क्षेत्रको के आधारभूत सुचना उपलब्ध गराइने हो आवधिक योजनामा निर्दिष्ट गरेका विषयक्षेत्रगत सूचक हरुसंग मिलान गर्न समन्वय गरी तदनुसारको प्रतिवेदन पठाउने व्यवस्था गरिने छ

झ) जिल्ला समन्वय समिति र प्रादेशिक सरकारमा पठाइने सूचना बारेमा पनि पूर्व जानकारी तत-तत निकायबाट माग गरिने छ

ञ) अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित बनाउन सबै कार्यक्रम र भौगौलिक क्षेत्रमा पुग्न संभव न भए नमूनाको रुपमा केही वडामा र समष्टि व्यवस्थापनको अनुगमन मापनका सूचक तयार गरी तदनुसार अनुगमन गर्ने व्यवस्था समेत मिलाउन सकिनेछ

ट) स्थानीय प्राथमिकता प्राप्त, बहुबर्षिय वा पूजिगत लगानी अत्यधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सूचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखा परेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाइने छ

ठ) अनुगमन कार्यकालागि लाग्ने अनुमानित बजेट समेत यसउप समितिले तय गरी समितिमा पेश गर्ने छ

ड) समितिले बिषयगत शाखालाई पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको ब्यवस्था गरी अनुगमन गर्न गराउन आवस्यक निर्देशन दिने छ

ढ) यसरी अनुगमन गराई बिषयगत कृषि विकास समिति नगरपालिका स्थानीय तहको समितिमा नियमित प्रतिवेदन लिने व्यवस्था गरिने छ

१३) **अनुगमन, मुल्ल्यांकन मा जिल्ल्ला सभा र जिल्ल्ला समन्वय समितिको भुमिकाः**

जिल्ला सभा वा जिल्ला समन्वय समितिलाइ निम्नानुसारको भुमिका तोकिएको छः

क) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका बिभिन्न चरणमा अनुगमन गर्ने,

ख) त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, बिषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवस्यक सुझाव वा मार्गदर्शन दिने

ग) यसरी दिएको सुझाव वा मार्गदर्शनलाई सार्वजनिक समेत गर्ने

घ) प्रतेक नगर कार्यपालिकाले आ-आफ्ना पारित नीति, योजना, कार्यक्रम तथा परियोजना हरुको बिबरण का साथै चौमासिक प्रगति प्रतिवेदन समेत नियमितरुपमा जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्न ढाँचा निर्धारण गरी उक्त बमोजिमको बिबरण आवधिक रुपमा माग गर्ने

**१४) मध्यावधि मुल्ल्यांकन :**

क) नगरपालिकामा  आवधिक योजना तयार गरी संचालनमा ल्याएको छ भने उक्त योजनाको समष्टि उपलब्धि र परिणाम को मापन हुने गरी बाह्य निकाय वा बिशेषज्ञबाट मध्यावधि मुल्लायांकन गर्ने प्रणाली अबलम्बन गरिने

ख) बहु बर्षिय योजना वा प्राथमिकता प्राप्त योजना हरुको पनि मध्यावधि मुल्ल्यांकन गरिने प्रणाली अबलम्बन गरिने छ

**७. अन्तिम मुल्ल्यांकनः**

क) योजनाका बृहतर लक्ष र उद्देश्य हाँसिल भए नभएको , कहाँ, के कस्ता सबल र कमजोर पक्ष रहन गए बिश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मदत पुरयाउन ब्यवस्थाकालागि अन्तिम मुल्ल्यांकन को ब्यवस्था गरिने छ

ख) नगरपालिकले तयार गरेको आवधिक योजनाको  समष्टि अन्तिम प्रभाव मुल्ल्यांकन गर्ने प्रावधान राखिने छ

ग) मुल्ल्यांकन प्रणालीमा कृषिक्षेत्रको समेत प्रभाव मुल्ल्यांकन गर्न गराउन ब्यवस्था मिलाइने छ

घ) आन्तिम मुल्ल्यांकनका लगि तेस्रो पक्षका विज्ञ बाट गर्नु गराउने ब्यवस्था गरिने

**८. समीक्षाः**

क) नगरपालिकामा  प्रतेक चौमासिक र बार्षिक रुपमा आफ्ना संचालित सबै योजना, कार्यक्रम, आयोजना वा कृयाकलापहरुको प्रगति समीक्षा सम्बन्धित कार्यपालिकाले गर्ने प्रणाली  स्थापित गरिने छ

ख) यस्तो समीक्षा वैठक चौमासिक भुक्तान भएको दोस्रो वा तेस्रो हप्ता भित्र गरि सक्ने गरी तालिका निर्धारण गरिने छ

ग) यस समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरु तथा आमसंचार को उपस्थिति अनिवार्य गराइने छ । समीक्षा मा आँकडा प्रस्तुति गर्नु भन्दा पनि  देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गरिने र समस्या समाधानका सहज उपाय खोजिने छ र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मेवारी तोकिने छ

घ) कृषि समितिले स्थानीय तहमा समीक्षा गरिनु भन्दा पहिले समितिको बैठक बोलाइ विस्तृत बिषयक्षेत्रको समीक्षा गर्ने र देखा परेका समस्याको बिश्लेषण गरी कुन तहबाट समाधान गरिनु पर्ने सो समेत किटान गरी प्रतिवेदन स्थानीय तहको समीक्षा बैठकमा पेश गर्ने ।

ङ) कृषि बिषयक पूजिगत खर्चमा कमी हुनुमा देखापरेका समस्याको समेत समयमै निदान गरिने गरी समाधान खोजिने छ

च) स्थानीय, प्रादेशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा समीक्षा गरिने प्रणाली अबलम्बन गरिने छ

छ) विकास साझेदारहरुको सहयोगमा संचालित योजना को समीक्षा समेत गरिने छ।

ज) समीक्षा बैठकमा प्राप्त गुनासाहरुलाई समेत सम्बोधन गरिने छ

**९. जिल्ला सभामा बार्षिक समीक्षाः**

जिल्ला सभाले पनि कम्तिमा पनि बर्षको एक पटक बार्षिक समीक्षाको आयोजन गर्ने हुनाले त्यसकालागि पनि जिल्ला समन्वय समितिले तोकेको निर्दिष्ट ढाँचामा सम्बन्धित नगरपालिकाले प्रगति प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने ब्यवस्था मिलाइने छ ।

**१०. प्रतिवेदनः**

क) नगरपालिकाले पारित गरेको आर्थिक कार्यविधी अनुसारको ढाँचामा आर्थिक प्रतिबेदन हरु मासिक रुपमा अख्तियार प्राप्त महाशाखा वा साखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने छ

ख) भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त महाशाखा वा शाखा प्रमुखले सम्बन्धितगाउँपालिका/नगरपालिकामा पठाउने ब्यवस्था मिलाइने छ

ग) यसकालागि कृषिसंग सम्बद्ध सबै सरोकारवाला बाट समय मै प्रतिवेदन संकलन गरी निश्चित फरम्याटमा राखि एकिकृत गरी सम्बन्धित नगरपालिकाको कार्यालयमा पठाउनु पर्ने भएकोले कृषि संग सम्बद्ध निकाय हरुले पनि आ-आफ्नो निकायको भौतिक प्रतिवेदन समितिका सचिव वा शाखा, महाशाखा प्रमुख समक्ष पठाउने र स्थानीय गाउँपालिका तथा नगरपालिका मा समीक्षा बैठक हुनु भन्दा अगावै समितिमा छलफल गराई समीक्षा बैठकमा प्रस्तुत गरिने बुँदा समेत तयार गरी समितिका संयोजक वा निजले तोकेका पदाधिकारीले स्थानीय समीक्षा बैठकमा प्रस्तुत गर्ने ब्यवस्था मिलाइने छ ।

घ) चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आय व्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गरिने छ ।

**परिच्छेद ६.**

९) **रकम प्रवाह प्रकृया र कोड व्यवस्थापन (बजेट निकासा, आम्दानिका प्रमुख श्रोत, कोष व्यवस्थापन र संचालन)**

**१. स्थानीय संचित कोष सम्बन्धी ब्यवस्थाः**

क) संविधानको धारा २२९ बमोजिम नगरपालिकामा मूल कोषको रुपमा एउटा स्थानीय संचित कोष रहने छ ।

ख) स्थानीय संचित कोषमा प्राप्त हुने सबै रकम तोकिएको बैंकमा खाता खोली राख्नु पर्ने छ । उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुने छः

- आफुले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम
- राजस्व बाँडफाँटबाट प्राप्त रकम
- नेपाल सरकारबाट प्राप्त अनुदान( वित्तीयसमानिकरण, शशर्त, सम्पूरक, विशेष ) वा अन्य रकम
- प्रदेश सरकारबाट प्राप्त अनुदान वा अन्य रकम
- कुनै व्यक्ति संघ संस्थाबाट कानून बमोजिम प्राप्त रकम
- गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम
- राष्ट्रिय प्राथमिकताका आधारमा गाउँपालिका वा नगरपालिकाका लगि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ, संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम
- अन्य स्थानीय नगरपालिका वा गाउँपालिकाबाट प्राप्त रकम
- अन्य कुनै श्रोतबाट प्राप्त रकम

ग) स्थानीय कोषको संचालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

घ) यस कोषमा जम्माभएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने छ ।

ङ) देहाय बमोजिमका रकम मात्र स्थानीय कोषबाट खर्च गर्न सकिनेछ;

- सम्बन्धित सभाले संचितकोषबाट बेहोरिने गरी स्वीकृत गरेको बार्षिक बजेट बमोजिमको रकम
- बार्षिक बजेट विचाराधिन रहेको अवस्थामा दैनिक कार्य संचालनका लागि बार्षिक बजेटको एक तिहाइ पेश्कि रकम
- अदालतको फैसला बमोजिम तिर्नु वा बुझाउनु पर्ने रकम
- आकस्मिक कोषमा जम्मा गर्ने भनी सभाले तोकेको रकम

- गाउँपालिका वा नगरपालिकाले तिर्नु पर्ने साँवा वा व्याज रकम

च) उक्त कोषबाट खर्च गर्दा कार्यसंचालन कोषमा रकम स्थानानान्तरण गरेर मात्र खर्च गर्न सकिने छ र कार्य संचालनस्तरमा आ.ब.को अन्त्यमा खर्च नभइ बाँकि रहेको रकम समेत उक्त संचित कोषमा फिर्ता जम्मा गरी हिसाब मिलान गर्नु पर्ने छ।

## २. खर्च गर्ने अख्तियारी र कार्यविधीः

क) सम्बन्धित सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र नगरपालिकाको प्रमुखले सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरिने छ

ख) प्रमुख प्रशासकीय अधिकृतले अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने गरी अख्तियारी दिइनेछ (विस्तृत कार्यक्रम कार्यान्वयन शिर्षकमा उल्लेख भएको)

ग) कृषि शाखाले आफुलाई प्राप्त अख्तियारी  र कार्यान्वयन मार्ग दर्शन सम्बन्धित कृषि समितिमा पेश गर्ने र कार्य जिम्मेवारी तालिका बमोजिम जिम्मेवार पदाधिकारीलाई कार्यक्रमको बाँडफाँट गरी खर्च गर्न गराउने निर्रदेशन दिइनेछ

घ) कृषि कार्यक्रममा वस्तुगत सहायता तथा अनुदान समेत वितरण गर्नु पर्ने हुनाले कहाँ, कस्ले , कहिले र कसरी वितरण गरिने हो सोको बाँडफाँट समितिबाट गरी जिम्मेवारी किटान गरिने छ ।

ङ) अनुदान र सहुलियत  वितरण सम्बन्धि छुट्टै कार्यविधि सम्बन्धित कार्यपालिकाबाट पारित गराई राख्नु पर्ने छ ।

च) प्राप्त वस्तुगत सहायता वितरण भन्दा अगाडि गुणस्तर यकीन गरी निश्चित भए पछिमाथ्र वितरणको ब्यवस्था मिलाइने छ

छ) वस्तुगत सहायता अन्तर्गतको पैकेटहरु स्थानीय तहमै खरिद गर्नु पर्ने हो भने सार्वजनिक खरिद

ज) नियमावली बमोजिन खरिद योजनामा समाबेश गरी  समयमै खरिदको ब्यवस्था मिलाइने छ

झ) स्थानीय किसानबाट खरिद गर्नु पर्ने हो भने गुणस्तरको यकिन गरी मात्र खरिद गरिने छ

ञ) बिषयगत शाखा, महाशाखाले अख्तियारी प्राप्त भएको रकमको अख्तियारी प्राप्त अधिकृतले बार्षिक बजेट र चौमासिक बिभाजनको परिधि भित्र रही खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गर्ने गराउने, बेरुजु फछ्र्यौट गर्ने छ । यि सबैकार्यको जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित अख्तियार प्राप्त अधिकारीको हुने छ

ट) खर्च खाता सम्बन्धित शाखामा रहने हो वा एकिकृत कोष संचालन (Single Treasury Account) प्रणाली अन्तर्गत संचालन हुने हो महालेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम हुने छ

ठ) अख्तियार प्राप्त अधिकृतले खर्चको फाँटवारी र प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकामा मासिक रुपमा तोकिएको निर्दिष्ट ढाँचामा पठाउनु पर्ने छ

ड) चौमासिक रुपमा स्थानीय कार्यविधि ऐन बमोजिम बजेट निकासा माग गर्नु पर्ने छ

ढ) सम्बन्धित कार्यपालिकाले बार्षिक बजेटको २५% रकम पुँजीगत खर्चमा रकमान्तर गर्न सक्ने छ र पुँजीगत खर्चबाट चालूखर्चमा रकमान्तर गर्न पाइने छैन

ण) अन्य कार्य गाउँपालिका वा नगरपालिकाले पारित गरेको कार्यविधी र तोके बमोजिम गर्नु पर्ने छ

त) कृषि कार्यक्रममा वैदेशिक सहायता अन्तर्गत को रकम भए सम्झौता बमोजिमको शर्तका अधिनमा रही खर्च गर्नु पर्ने छ र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ

थ) यदि बैदेशिक सहयोगको प्राविधिक सहायता अन्तर्गत रकम संघीय सरकारको स्वीकृतिमा स्थानीय तह संग सम्झौता गरी कार्य संचालन गरिएको छ र रकम स्थानीय कोषबाट प्राप्त भएको छ भने द्वी पक्षीय सम्झौता बमोजिमका शर्त पालना गर्नु पर्ने छ र निजले मागेको फर्म्याटमा हिसाब बुझाउनु पर्ने छ

द) यि सबै कार्यको लेखापरीक्षणको जिम्मेवारी सम्बन्धित अख्तियारी प्राप्त शाखा, महाशाखा प्रमुखको हुने छ र बार्षिक रुपमा लेखापरीक्षण प्रतिवेदन सम्बन्धित विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ

ध) लेखा सम्बन्धि सम्पूर्ण प्रतिबेदन वार्षिकरुपमा सम्बन्धित सभाको लेखा समितिमा प्रस्तुत गर्न सम्बन्धित कार्यपालिकामा प्रस्तुत गर्नु पर्ने छ

## ३. वितीय जोखिम न्यूनिकरणः

क) वित्तीय जोखिम भनेको; तोकिएको बजेट तोकिएको क्षेत्रमा खर्च नगर्नु, खर्चबाट बाञ्छित नतिजा प्राप्त नहुनु अथवा बजेटको महत्व वा सार्थकता (Value for money) लाई वेवास्ता गर्नु हो ।

ख) वित्तीय जोखिम उत्पन्न निम्न कारणले हुन सक्छः

१. प्रकृयागत जोखिम (Process risk)ः कहिलेकाहि खर्च गर्दा होसियारी अबलम्बन गर्दा गर्दै पनि अनियमितता हुन झान्छ भने, कहिले सार्वजनिक खरिद ऐनको प्रकृया पुरा नगरी खर्च गरिने गरिन्छ र अनियमितता हुन जान्छ। कहिले प्रकृया पुरा गरेर खर्च गरे पनि नागरिकको स्विकार्यता न हुन सक्द छ । यसकारण प्रकृया पुरयाई खर्च गर्नुका साथै नागरिकको स्वीकार्यता पनि हुने गरी खर्च गर्दा दिगो हुन सक्छ ।

२. भ्रष्टाचार जन्य जोखिम (Corruption risk)ः गलत मनसायले गरिने खर्च भ्रष्टाचार जोखिम अन्तर्गत पर्दछ र यस्तो जोखिममा प्रकृया समेत पूरा गरेको पाइन्छ तर यस्तो प्रकारको खर्चमा खर्च गर्ने अख्तियारी प्राप्त व्यक्ति वा पदाधिकारीले आफ्नो व्यक्तिगत फायदाका लागि प्राथमिकतामा नपरेको शिर्षकमा खर्च गर्न स्वीकृति दिनु पनि भ्रष्टाचार जन्य जोखिम हो । यस वर्गिकरणमा बर्ष भरि खर्च नगर्ने तर आ.ब.को अन्त्यमा जथाभावी खर्च गरी गुणस्तरमा पटक्कै ध्यान न पुरयाउनु पनि पर्न आउँछ ।

३. नतिजामा जोखिम (Result risk)ः सकारात्मक नतिजा प्राप्तिका लागि रकम खर्च गरिने गरिन्छ ।तर खर्च गरे अनुसार नतिजा प्राप्त हुन नसके नतिजा जन्य जोखिम हो । कहिले काहि छिटो नतिजा निकाल्न खोज्दा नतिजा त निस्किने तर प्रकृया मिचिने र कहिले प्रकृया पुरयाइ काम गर्दा समय अभावले नतिजा न निस्कने जोखिम हुन सक्छ ।

वित्तीय जोखिम बढनुमा निम्न केहि कारणहरु देखिएका छनः

- कमजोर निगरानी र नियन्त्रण पद्धति(weak oversight and control system)
- अपर्याप्त संस्थागत क्षमता( inadequate organizational capacity)
- भ्रष्टाचार जन्य गतिविधिमा बृद्धि(increasing trend of corruption)
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सहिरुपमा अबलम्बन गर्न नसकिनु(non-compliance of participatory planning system)
- बजेट निकासा गराउनमा ढिलाई(delay in budget release)
- कमजोर कार्यसम्पादन,गुणस्तर नियन्त्रण र राजस्व ब्यवस्थापन(weak performance, quality control and revenue management)

कृषि समितिले उक्तानुसारको जोखिम न्यूनिकरणमा बिशेष ध्यान दिइने छ रजिम्मेवार अधिकृतहरुलाई समयमै सजग भई कार्य गर्ने गराउने वातावरण श्रृजना गरिने छ

## परिच्छेद ७.

**१५) पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासनका औजार हरुको प्रयोग, गुनासो व्यवस्थापन आदि**

१. नगरपालिकामा  गरिने कृयाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शि, उत्तरदायी, जबाबदेहि र प्रभावकारी रुपमा  नागरिक प्रति सम्बेदनशिल भइ संचालन गरिने छ

२.  यसरी संचालन गर्दा नागरिकको व्यापक सहभागितामा संचालन गर्न गराइने छ।

३. नगरपालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मूलभुत मान्यता जस्तै कानूनको शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त  प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्य गर्ने संस्कृति अबलम्बन गरिने छ ।

४. नगरपालिकामा  सुशासन कायम गर्न गराउन समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन  असल शासनका  निम्न मूल्य मान्यताको अबलम्बन गरिने छः

क) स्थानीय कृषिकार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघ, संस्था स्थानीय नगरपालिका प्रति उत्तरदायी भइ कार्य गर्ने छन र तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पादन गरी जबाबदेही प्रशासन संचालन गरिने छ

ख) नगरपालिकामा र कृषि समिति बीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँट कार्य विभाजन नियमावलीमा व्यवस्थागरी गरिनुका साथै कृषिसम्बन्धि कार्यकालागि जिम्मेवार संस्थाकोरुपमा यस समितिको विकास गरिने छ र समितिले पनि सम्बद्ध कार्यालयलाई कार्यजिम्मेवारी किटान गरी जिम्मेवार बनाउने छ

ग)  महा शाखा, शाखा, उपशाखा र इकाई कार्यालयले आफ्ना मातहतका कर्मचारीको कार्य विबरण(Job description) तयार गरी तदनुसार जिम्मेवारी किटान गरिने छ

घ) प्रमुख प्रशासकीय अधिकृत र कृषि समबद्ध सबै शाखा, महाशाखा प्रमुख बीचमा कार्यसम्पादन करार गरिने छ र उक्त करारको संस्थागतरुपमा नियमित समीक्षा गर्ने गराउने ब्यवस्था मिलाइने छ

ङ) कृषि सम्बद्ध सबै महाशाखा, शाखा वा  कार्यालय ले आफ्नो शाखा वा महाशाखाबाट उपलब्ध गराइने सेवा, सुविधा लाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरि राख्ने ब्यवस्था गरिने छ

च) विकास निर्माणका कार्यमा नागरिकको सहभागिता बृद्धि गराउन सहभागितातत्मक योजना प्रकृया अनिवार्य अवलम्बन गरिने छ र कार्य संचालन गर्दा नागरिकको संलग्नता र स्वामित्व प्राप्त हुने गरी गरिने छ। यसरी कार्य गर्दा विशेष गरेर

अल्पसंख्यक, सिमान्तकृत वा साना किसान र महिला प्रति विशेष सम्बेदनशील रहने गरी कार्य ब्यवस्था मिलाइने छ

छ) निश्चित रकम भन्दा माथिको विकास निर्माणकार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्बजनिक स्थानमा सूचना पाटीको (होर्डिंग बोर्डको) व्यवस्था गरिने छ

ज) नागरिकको गुनासो सुन्ने र संबोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी कृयाशिल गराइने छ, र हैलोसरकार र हटलाइन जस्ता व्यवस्था सम्बन्धित कार्यपालिकाले गर्न पहल गरिने छ

झ) सुशासनका औजार जस्तै सार्वजनिक/ सामाजिक परीक्षण, नागरिक सुनवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन सम्बन्धित कार्यविधिमा तोकिएको समयमा गर्ने गराउने व्यवस्था मिलाइने छ

ञ) नागरिक वा सर्वसाधारणकालागि आफ्नो आय-व्ययको विवरण सार्वजनिक गर्ने गराउने र कार्यालयको वेव-साइटमा समेत नियमित रुपमा राख्ने व्यवस्था मिलाइने छ

ट) आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने र बेरुजुलाई समयमा नियमित, असूलउपर गरी फछ्र्यौट गर्ने गराउने ब्यवस्था गरिने छ

ठ) सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरिद कार्य गर्ने गराइने छ

ड) आचार संहिता अनिवार्यरुपमा परिपालना गर्ने गराइने छ

ढ) सूचनाको हक सम्बन्धि ऐनको पालना गरिने र बर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पुरयाइने छ

ण) बार्षिक कार्यक्रम र बजेट र चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन आमसंचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सूचना पाटी र वेब-साइटमा राखिने छ

त) निर्णय गर्दा कानूनसम्मत प्रकृया पुरयाईमात्र अख्तियारवालाले निर्णय लिने छ र निर्णयको बैधताका साथै सार्वजनिक नागरिकको ग्राह्यता समेत प्राप्त गरिने गरी कार्य गरिने छ

थ) विकास निर्माणका कार्यक्रम र योजना तथा सेवा प्रवाहलाई क्रमशः स्वीकृत कार्यतालिका र नागरिक बडापत्रमा तोकिएको समयमा सम्पन्न गर्ने गराइने छ

द) भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाइने छ र कुनै पनि भ्रष्टाचार हुन नदिने वातावरण श्रृजना गर्ने गराइने छ

ध) सबै पदाधिकारीले सम्पति विबरण समयमानै तोकिएको कार्यालयमा पेश गर्ने पद्धति अबलम्बन गरिने छ

न) अनुदान वा विउविजन वा सरकारी श्रोत वितरणको कार्यविधि स्वीकृत गराई मात्र बितरणको ब्यवस्था गुनासो नआउने गरी गर्ने गराइने छ र सम्भव भए सम्म विपन्न बर्ग र सीमान्त किसानलाई उपलब्ध हुने गरी कार्यविधीमा ब्यवस्था गरिने छ

ऩ) वित्तीय जोखिम न्यूनिकरणका सबै उपाय अबलम्बन गरिने छ

**१६) खारेजी र वचाउः**

१. स्थानीय तहमा संचालित कृषि कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ ।

श्री कृ.वि.शा.का. दर्ता नं.

# भेरी नगरपालिका
# कर्णाली प्रदेश
# नेपाल

## कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस जिल्लाको भेरी नगरपालिका वडा नं. ... मा मिति ............... मा गठित श्री ..................... ..........................कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति : ...............................

(.......................................)

कृषि शाखा प्रमुख